# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार २३ गते २०३८ साल


श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

माननीय अर्थ मन्त्री डा. यादवप्रसाद पन्तले २०३८ साल आषाढ २३ गतेका दिन दिनुभएको आर्थिक वर्ष २०३८।३९ को बजेट वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

अध्यक्ष महोदय,

राष्ट्रिय जनमत संग्रहमा सुधार सहितको निर्दलीय प्रजातान्त्रिक पञ्चायती व्यवस्थाको पक्षमा नेपाली जनताले आफ्नो स्पष्ट सहमति प्रकट गरेपछि गत वर्ष मैले यसै सदनमा नेपाल अधिराज्यको चालू आर्थिक वर्ष २०३७।३८ को आय-व्ययको विवरण पेश गरेको थिएँ । पञ्चायती व्यवस्था अन्तर्गत वालिग मताधिकारको आधारमा राष्ट्रिय पञ्चायतको निम्ति हालै सम्पन्न भएको आम निर्वाचनपछि श्री ५ महाराजाधिराज सरकारबाट असीम निगाह साथ राष्ट्रिय पञ्चायतको सदस्यताको साथै अर्थ मन्त्रालयको अभिभारा समेत बक्सिएकोमा म मौसूफ सरकारमा सभक्ति कृतज्ञता अर्पण गर्न चाहन्छु । आम निर्वाचनपछि पहिलो पल्ट यस गरिमामय सदनमा नेपाल अधिराज्यको आर्थिक वर्ष २०३८।३९ को आय-व्ययको विवरण आज पेश गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल अधिराज्यको संविधानको तेस्रो संशोधन अनुसार मुलुकमा निर्दलीय प्रजातान्त्रिक पञ्चायती व्यवस्था अन्तर्गत पहिलोपल्ट वालिग मताधिकारको आधारमा राष्ट्रिय पञ्चायतको निम्ति आम चुनाव सफलताका साथ सुसम्पन्न भयो । यस ऐतिहासिक प्रजातान्त्रिक अभ्यासमा समस्त जनताले जुन व्यापक उत्साह र उमङ्ग देखाए त्यसबाट पञ्चायती व्यवस्थामा नयाँ आयाम थपिएको छ । निर्वाचित भई आउनु भएका जन-प्रतिनिधिहरूबाट जनताले जनहितकारी ठोस कार्यक्रमहरूको अपेक्षा गरेका हुन्छन् भने मन्त्रिपरिषद्मा रहेका सदस्यहरूको निमित्त पनि जनताप्रतिको जिम्मेवारी बढ्न गएको कुरा स्पष्ट छ । यस परिप्रेक्ष्यमा राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउने, राष्ट्रिय उत्पादन वृद्धि गराउने, विकासको प्रतिफललाई सर्वसाधारण जनता समक्ष पुऱ्याउने तथा जनताको पीर मर्का हटाउने कार्यमा आज हामी सबैले एकजूट भई अगाडि बढ्नु परेको छ । यिनै कुराहरूलाई ध्यानमा राखी आगामी वर्षको आय-व्यय तयार गरेको छु । बजेटमा अन्तर्निहित कार्यक्रमहरूको सफल कार्यान्वयन गर्नमा हामीलाई सफलता मिल्ने कुरामा म पूरा विश्वस्त छु, किनभने एक दृढ निश्चित प्रजातान्त्रिक राजनैतिक व्यवस्था नै आर्थिक विकासको पूर्वाधार हो ।

अध्यक्ष महोदय,

आगामी आर्थिक वर्ष २०३८।३९ मा श्री ५ को सरकारले अपनाउने नीतिगत पक्षहरूको विवेचना गर्नुभन्दा अघि यस सदनमा मैले हिजो पेश गरेको चालू आर्थिक वर्षको आर्थिक सर्वेक्षणमा उल्लेखित केही आर्थिक परिसूचकहरूमाथि म प्रकाश पार्न चाहन्छु । आर्थिक वर्ष २०३६।३७ देशको निम्ति एक कठीन वर्ष थियो । तुलनात्मक आधारमा चालू आर्थिक वर्षमा कृषि उत्पादन वृद्धि हुन गएको छ । अत्यावश्यक वस्तुहरूको नियमित आपूर्ति स्थिति तथा देशको शोधनान्तर स्थितिमा केही सुधार देखिएको छ । यी सबै परिसूचकहरू चालू आर्थिक वर्षका केही सकारात्मक पक्षहरू हुन् । तर विद्युत् आपूर्तिमा आएको कमी र कच्चा पदार्थको अभावले पनि औद्योगिक उत्पादनमा आएको ह्रास, वैदेशिक व्यापारमा भएको घाटामा वृद्धि र जन-जीवनमा परिरहेको मूल्य वृद्धिको चाप चालू आर्थिक वर्षमा देखा परेका नराम्रा परिसूचकहरू हुन् ।

समष्टि रूपमा हेर्ने हो भने विगत केही वर्षको दाँजोमा चालू आर्थिक वर्षमा निश्चय नै अर्थव्यवस्थाले केही प्रगति गरेको सङ्केत देखाएको छ । गत आर्थिक वर्ष २०३६।३७ मा प्रतिकूल मौसमको कारणबाट खाद्यान्नको उत्पादनमा १३ प्रतिशतले ह्रास भई देशमा आइपरेको खाद्यान्न सङ्कट अन्तरराष्ट्रिय सहयोग समेतबाट सुल्झाउनु पर्ने स्थिति भएको थियो । खाद्यान्नको उत्पादन गत वर्षको तुलनामा चालू आर्थिक वर्षमा १९ प्रतिशतले वृद्धि भएको छ । सामान्य वर्ष (२०३१।३२) को तुलनामा छैठौं योजनाको पहिलो वर्षमा कृषि उत्पादन ६.८ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
268

छ। चालू आर्थिक वर्षमा देशको आर्थिक क्रियाकलाप पनि केही मात्रामा बढ्न गएको छ। संशोधित अनुमान अनुसार सरकारी राजस्व गत वर्षको यथार्थको दाँजोमा २६ प्रतिशतले वृद्धि भएको छ। यो वृद्धि उत्साहवर्द्धक देखिन्छ। यही प्रवृत्ति आगामी वर्षहरूमा कायम रहन सक्यो भने छैठौं योजनाको निम्ति आवश्यक पर्ने आन्तरिक साधन सजिलैसंग उपलब्ध हुन सक्ने कुरामा म विश्वस्त छु।

तर अध्यक्ष महोदय, मैले भर्खरै उल्लेख गरेका उपलब्धिहरूबाट हामीले सन्तोष लिने ठाउँ अवश्य पनि छैन। हाम्रा सामुन्ने विभिन्न कठिनाईहरू छन्। अझै पनि हाम्रो खाद्यान्न बालीहरूको प्रति हेक्टर उत्पादकत्व कम छ। कृषिको विकास अझै मौसमको अनुकूलतामा निर्भर रहेको छ। अशिक्षा र गरिबी विरुद्धको निरन्तर संघर्ष अरू बढी गर्नु परेको छ। जनसंख्या वृद्धि, मूल्य वृद्धि तथा व्यापार घाटा वृद्धि नियन्त्रण गर्न सकिएको छैन। त्यसमाथि भू-परिवेष्ठित मुलुक भएकोले आर्थिक विकासको मार्गमा धेरै अवरोधहरू पनि छँदै छन्। साथै अन्तर्राष्ट्रिय जगतमा देखापरेका आर्थिक समस्याहरूले पनि केही न केही रूपमा प्रतिकूल असर हाम्रो अर्थ व्यवस्थामा पारिरहेका छन्।

देशमा देखापरेका यस्ता आर्थिक तथा सामाजिक विषमता हटाउन पञ्चायती व्यवस्था प्रादुर्भाव भएदेखि श्री ५ को सरकारले प्रयास नगरेको होइन।

विकास क्रममा आर्थिक तथा सामाजिक पूर्वाधारहरूको निर्माण गर्नेतर्फ निकै उपलब्धि हासिल गरेका छौं। कृषि र अन्य क्षेत्रमा प्राविधिक सेवाको विस्तार पनि भएको छ। यातायात र शिक्षा क्षेत्रमा निकै उपलब्धि हुन सकेको छ। विद्युत् तथा सिंचाइ क्षेत्रमा विगत योजनाकालहरूमा भएको लगानीको प्रतिफल देखापर्न थालेका छन्। त्यस्तै गरी स्वास्थ्य र खानेपानी जस्ता आधारभूत सेवाहरूमा पनि प्रगति उल्लेखनीय रहेको छ। निश्चय नै यस्ता आर्थिक तथा सामाजिक पूर्वाधारहरू अझै पनि पर्याप्त छैनन्। यिनीहरूको अधिकतम उपयोग गरी आर्थिक विकासको दरलाई अझै अगाडि बढाउन सकिन्छ।

आज हाम्रो निम्ति राष्ट्रिय उत्पादन र उत्पादकत्व बढाउनु सिवाय अरू कुनै विकल्प छैन। तसर्थ आगामी वर्षहरूमा हाम्रा प्रयासहरूका सकारात्मक पक्षहरूलाई अझ बढी सुदृढ गर्दै लैजाने र नकारात्मक पक्षहरूलाई हटाउँदै लैजानेतर्फ श्री ५ को सरकारले दृढताका साथ आवश्यक कदमहरू लिनेछ।

अध्यक्ष महोदय,

अहिले हाम्रो समक्ष सबैभन्दा ठूलो समस्या बहुसंख्यक नेपाली जनताको कमजोर आर्थिक अवस्थालाई कसरी माथि उठाउने भन्ने नै हो। पाँचौं योजना अवधिमा राष्ट्रिय उत्पादनमा वार्षिक २.२ प्रतिशत मात्र वृद्धि र जनसंख्या वृद्धि २.३ प्रतिशत भएबाट चौथो योजनाको अन्तिम वर्षको दाँजोमा प्रतिव्यक्ति आयमा केही कमी हुन गई अधिकांश नेपाली जनताको जीवनस्तरमा सुधार हुन सकेन। फलस्वरूप एकातिर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकांश जनसंख्या अझै पनि निरपेक्ष गरिबी रेखामुनि रहेको र गाँसबास तथा लुगा फाटोको समस्याले पीडित छन् भने अर्कोतिर केही प्रबुद्धवर्गमा मात्र विकासको फल सीमित रहेको छ। यसरी राष्ट्रिय उत्पादनमा वृद्धि नहुनु र आयको असमान वितरण हुनु अझै प्रमुख समस्याका रूपमा रहेका छन्।

मैले भरखरै उल्लेख गरेका समस्याहरूको परिप्रेक्ष्यमा नै हाम्रो अर्थ व्यवस्थामा देखिएका आर्थिक तथा सामाजिक विषमतालाई नियन्त्रण तथा सर्वसाधारण जनताको दैनिक जीवनमा परेको आर्थिक कठिनाईहरूलाई निराकरण गर्ने उद्देश्य राखी श्री ५ को सरकारको विकास, वित्तीय तथा मौद्रिक नीतिहरूलाई यसै दिशातिर लक्षित गर्ने प्रयास गरेको छु।

निम्न आय भएका वर्गको जीवनस्तरमा सुधार गर्दै लैजाने उद्देश्यले एकीकृत ग्रामीण विकास कार्यक्रमका साथै खानेपानी, आधारभूत स्वास्थ्य सुविधा, झोलुङ्गे पुल, प्राथमिक तथा प्रौढ शिक्षामा भौतिक सुविधाको निम्ति बढी लगानीको आवश्यकता देखिएको छ। साथै यस्ता वर्गको दैनिक उपभोगका सामानहरू खासगरी मोटो कपडा, मट्टीतेल, औषधीहरू जस्ता वस्तुहरूको मूल्य बढ्न नदिनेतर्फ हाम्रो ध्यान जानु आवश्यक छ। हाम्रो आर्थिक विकासमा कृषि क्षेत्रले खेल्नु पर्ने भूमिका र यस क्रममा साना किसानको प्रमुख स्थान रहेको तथ्यलाई हृदयङ्गम गरी यस्ता वर्गलाई कृषि उत्पादनमा बढी प्रोत्साहन दिन र खेर गइरहेको श्रम शक्तिको उपयोगको निम्ति रोजगारीको अवसर प्रदान गर्नेतर्फ प्रभावकारी ढङ्गले अघि बढ्नु परेको छ।

कृषि उत्पादनमा निरन्तर रूपले ह्रास हुँदै गइरहेको परिप्रेक्ष्यमा कृषि उत्पादन कार्यमा आर्थिक कठिनाईले गर्दा शिथिलता नआओस् भन्ने दृष्टिकोण अपनाई साना किसानहरूले कृषि विकास बैंक र अन्य संस्थाहरूबाट लिएका आजसम्म भाखा नाघेका उत्पादन ऋणको भुक्तानी अवधिलाई जरीवाना तिर्नु नपर्ने गरी २०३९ वैशाख मसान्तसम्म म्याद बढाइएको छ। यस्ता किसिमका ऋणहरू किस्ताबन्दीमा उठाइने व्यवस्था पनि गरिनेछ। यसरी ऋण तिर्न बाँकी रहेका साबिक किसानहरूलाई नयाँ ऋण पनि दिइनेछ। कृषि ऋण सुलभ र सुगम तरीकाबाट उपलब्ध गराउन साझा र कृषि विकास बैंकको सम्बन्धमा बढी समन्वय ल्याई दुबै संस्थालाई सक्रिय तुल्याउने व्यवस्था मिलाइएको छ। साना किसानहरूलाई मालपोतमा अरू सुविधा दिन मालपोतमा केही छूट दिइएको छ। यसको अतिरिक्त कृषि उत्पादनमा बढी प्रोत्साहन आओस् भन्ने दृष्टिकोण अपनाई साना सिंचाइ कार्यक्रमहरूको निम्ति बजेटमा बढी रकमको व्यवस्था गर्नुको साथै समयमा नै मल र बीउ उपलब्ध गराउने व्यवस्था पनि मिलाइएको छ।

देश विकासको क्रममा मध्यम वर्गको पनि भूमिका कम महत्त्वपूर्ण छैन। एकातिर यस वर्गको आय निश्चित छ भने अर्कोतिर बढ्दो मूल्यको चापले यसले नथिदै

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जनजीवनमा आर्थिक कठिनाई भोग्नु परिरहेको छ । यस्तो वर्गलाई पनि बजेटले केही न केही सहूलियत दिनु सामाजिक न्यायको दृष्टिकोणले अनिवार्य हुन आउँछ । तसर्थ यस्तो वर्गलाई दैनिक उपभोग्य वस्तुहरूको मूल्य वृद्धिबाट भार नपरोस् भन्नेतर्फ पनि विचार पुऱ्याउनु परेको छ ।

अध्यक्ष महोदय,

अहिलेसम्म हाम्रा विकासका प्रयासहरूबाट धनीवर्गले नै बढी फाइदा उठाइरहेको छ भन्ने कुरा अर्थ व्यवस्थामा देखापरेका आर्थिक विषमताले स्पष्ट देखाएको छ । त्यसैले आर्थिक विकासमा यस्ता वर्गको पूंजी र सहभागिता बढी मात्रामा आकर्षण गराउनु परेको छ । देशले पनि यसै वर्गबाट विकासको प्रक्रियामा चाहिने साधन उपलब्धिको अपेक्षा गरेको हुन्छ । सामाजिक न्यायको दृष्टिकोणबाट पनि यो वर्गले देश विकासको अभियानमा ठूलो भूमिका खेल्नुपर्छ । जुनसुकै देशमा पनि विकासको भार अन्ततोगत्वा कर तिर्न सक्ने क्षमता भएका वर्गले नै व्यहोर्नुपर्छ ।

अध्यक्ष महोदय,

अब म आगामी वर्षको श्री ५ को सरकारले अपनाउने उत्पादन नीतिबारे केही प्रकाश पार्न चाहन्छु । विगत दुई दशकभित्र कृषि क्षेत्रमा प्रशस्त लगानी भए तापनि लगानीको प्रतिफल प्राप्त गर्न सकिएको छैन । करीब १५ प्रतिशत खेतीयोग्य जमीनमा मात्र सिंचाइ सुविधा उपलब्ध गराउन सकिएको छ । यसको अतिरिक्त प्रविधिको प्रसार, मल, बीउ, जल, ऋण आदि आबद्ध रूपमा किसानको घर खेतमा समयमा नै पुऱ्याउन सकिएको छैन । यसले गर्दा कृषिको उत्पादकत्वमा वृद्धि गर्न सकिएको छैन । यिनै तथ्यलाई मनन गरी उपलब्ध सीमित साधनलाई सिंचाइ क्षेत्र तथा सम्भाव्य क्षेत्रहरूमा आबद्ध रूपमा केन्द्रित गरी प्रति इकाई उत्पादकत्व वृद्धि गर्ने श्री ५ को सरकारको नीति हुनेछ ।

जनसंख्या, उद्योग र निर्यात क्षेत्रहरूको बढ्दो मागलाई परिपूर्ति गर्दै लैजान कृषि उत्पादन कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिनेछ । जनसहभागिता परिचालन गर्न कृषि समितिहरूलाई बढी सक्रिय गराइनुका साथै श्री ५ को सरकारको कृषि विकासमा कार्यरत सम्पूर्ण निकायहरूलाई यसतर्फ अभिमुख गराइनेछ । यसको साथै उत्पादित वस्तुहरूको उचित मोल कृषकहरूलाई दिलाउन बजार व्यवस्थाको निम्ति विभिन्न कदमहरू चालिने छन् ।

राष्ट्रिय उत्पादनमा गैर कृषि क्षेत्रको योगदान कम रहे तापनि त्यसभित्र साना तथा घरेलु उद्योगको महत्वपूर्ण भूमिका छ । देशभित्र उपलब्ध हुने कच्चा पदार्थको उपयोग गर्ने, परम्परागत रूपमा उपलब्ध सीप तथा प्रविधिको सदुपयोग गर्ने तथा जनसंख्यालाई रोजगारीको अवसर उपलब्ध गराउने उप-क्षेत्रको रूपमा रहेको घरेलु तथा साना उद्योगको संरक्षण, प्रबर्द्धन तथा विकास राष्ट्रिय अर्थतन्त्रको विकासको निम्ति अति महत्वपूर्ण छ । साना तथा घरेलु उद्योग स्थापना सम्बन्धी कार्यपद्धति तथा सरकारी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियन्त्रणलाई सकेसम्म उदार र सरल बनाउने श्री ५ को सरकारको नीति हुनेछ। अत्यावश्यक कच्चा माल सुगम तरीकाले उपलब्ध गराइनुको साथै यस्ता उद्योग स्थापनाका लागि आवश्यक ऋण सुलभ तरीकाले उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

देशमा द्रुततर औद्योगिक विकास गर्न हालै नयाँ औद्योगिक नीति जनसमक्ष ल्याइएको छ। यस अनुरूप उद्योग स्थापनाको निम्ति निजी क्षेत्रलाई बढी सहभागी बनाउन र बढी मात्रामा विदेशी लगानी आकर्षित गर्न विशेष सहूलियत तथा सुविधा-हरूको व्यवस्था गर्न श्री ५ को सरकारले नयाँ औद्योगिक व्यवसाय ऐन लागू गर्न यस सदनमा विधेयक छिटै नै पेश गर्नेछ। उक्त ऐन लागू भएपछि देशमा औद्योगिक विकासको वातावरणको सृजना भई निजी क्षेत्रबाट औद्योगिक कार्यकलापमा ठूलो योगदान हुनेछ भन्ने मैले आशा गरेको छु। नेपालले आयात गर्दै आएका वस्तुहरू देशभित्र नै उत्पादन गरी सकेसम्म आत्मनिर्भरतातिर अघि बढ्ने हाम्रो उद्देश्य रहेको छ। यस अनुरूप हाल निर्माणाधीन आयोजनाहरूलाई यथाशक्य छिटो पूरा गर्नु चालू उद्योगहरूलाई पूर्ण क्षमतामा चलाउनु र उद्योगहरूको क्षमतामा वृद्धि गर्नु श्री ५ को सरकारको नीति रहेको छ। यसको अतिरिक्त स्थानीय कच्चा पदार्थमा आधारित उद्योग धन्दाहरूको कच्चा पदार्थ नियमित आपूर्तिको व्यवस्था पनि गरिनेछ। निकासी उन्मुख उद्योगहरूको विकासमा पनि विशेष जोड दिइनेछ। आगामी वर्षमा सिमेण्ट, कपडा, चिनी, कागज, म्याग्नेसाइट, सीसाजस्ता नयाँ उद्योगहरूको सरकारी तथा गैर सरकारी क्षेत्रमा स्थापना गरिनेछ।

अध्यक्ष महोदय,

अब म आगामी वर्षको श्री ५ को सरकारको आर्थिक तथा मौद्रिक नीति-हरूमाथि प्रकाश पार्दछु। हालका वर्षहरूमा मूल्य वृद्धिले गर्दा सर्वसाधारण र खास गरी निम्न आय तथा निश्चित आय भएका वर्गहरूको जन-जीवन कष्टप्रद हुँदै गएको हामी सबैले महसूस गरेका छौं। यस सम्बन्धमा आन्तरिक र बाह्य परिस्थितिले पारेको असर बारे मैले गत साल बजेट पेश गर्दा यस सदनलाई अवगत गराएको थिएँ। आन्तरिक स्थितिमा सुधार ल्याउन उत्पादनमा वृद्धि गर्नु तथा वितरण व्यवस्थामा सुधार ल्याउनु आवश्यक छ। बाह्य कारणहरूले गर्दा भएको मूल्य वृद्धिलाई केही हदसम्म वित्तीय नीतिको माध्यमद्वारा सुधार्न सकिन्छ। तर पनि यो निश्चित सीमासम्म मात्र गर्न सकिने व्यवस्था हो। त्यसकारण प्रशासनिक ढङ्गबाट मूल्य नियन्त्रण गर्न खोज्दा आपूर्ति स्थिति बिग्रेर सामान्य उपभोक्तालाई झन अप्ठ्यारो पर्न जाने सम्भावना हुन्छ। यसले विगत वर्षहरूको अनुभवबाट मूल्यलाई यथार्थवादी बनाई आपूर्तिको प्रवाहलाई नियमित गराउनेतर्फ प्रोत्साहित गर्ने नीति श्री ५ को सरकारको हुनेछ। यस सम्बन्धमा खाद्यान्न, कपडा, तेल, मट्टीतेल, चिनीजस्ता सर्वसाधारणको लागि अति आवश्यक वस्तुहरूको मूल्य कृत्रिम कारणहरूबाट वृद्धि हुन नदिन श्री ५ को सरकार अझ बढी प्रयत्नशील रहनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गत केही वर्षदेखि नै आन्तरिक कर्जाको विस्तार मुद्रा प्रदाय वृद्धिमा प्रमुख कारकको रूपमा रहेको छ । चालू आर्थिक वर्षमा मुद्रा प्रदाय बढाउने मुख्य कारक निजी क्षेत्रलाई जाने गरेको कर्जा नै देखिन्छ । मुद्रा प्रदाय वृद्धिले मूल्य तथा भुक्तानी सन्तुलनमा प्रतिकूल असर पार्ने भएकोले यसलाई वाञ्छित सीमाभित्र राख्न अनुत्पादक क्षेत्रतर्फ प्रवाहित हुने कर्जामा नियन्त्रण गर्ने नीति अवलम्बन गरिनेछ ।

आज देशमा शहरी तथा ग्रामीण क्षेत्रको बचत अनुत्पादक कार्यमा लागेको देखिएको छ । अर्कोतिर सीप र जाँगर भएकाहरूको श्रमशक्ति साधनको अभावमा खेर गइरहेको छ । तसर्थ देशको शहरी तथा ग्रामीण क्षेत्रमा रहेको बचत परिचालन गरी उत्पादनशील क्षेत्रमा साधनको प्रवाह बढाउनु आजको आवश्यकता हुन गएको छ। आगामी वर्ष प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत उपलब्ध गराइने कर्जा रकम बढी सरलताका साथ वाणिज्य बैंकहरू तथा कृषि विकास बैंकमार्फत् उपलब्ध गराइनेछ । प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत उपलब्ध गराइने ऋण सुविधाहरूमा समन्वय ल्याउन गठित समितिले प्रतिवेदन प्रस्तुत गरिसकेको छ । उक्त प्रतिवेदनका उपयुक्त सुझावहरू लागू गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

बचतको दर बढाउँदै लग्ने सिलसिलामा चालू वर्ष जस्तै आगामी वर्षमा पनि खास गरी ग्रामीण क्षेत्रमा लक्ष्य अनुसार वाणिज्य बैंकहरूको शाखा विस्तार गर्दै लगिनेछ । यसै क्रममा चाँडै नै प्रचलित व्याजदरको पुनरावलोकन गरी त्यसलाई देशको आवश्यकता अनुसार परिवर्तन गरिनेछ ।

श्री ५ को सरकारले हालसम्म विभिन्न औद्योगिक तथा व्यापारिक संस्थानहरूमा प्रशस्त लगानी गरिसकेको भए तापनि त्यसको आर्थिक प्रतिफल नगण्य मात्र रहेको छ । यी संस्थानहरूको कार्य सञ्चालनमा आई परेको विभिन्न कठिनाईहरूले गर्दा श्री ५ को सरकारको आर्थिक दायित्व बढ्दै गएको छ । कतिपय व्यापारिक तथा सेवा सम्बन्धी संस्थानहरूको कार्यकारी पूंजीको निम्ति श्री ५ को सरकारको जमानतमा वाणिज्य बैंकहरूले ऋण प्रदान गर्दै आएका थिए, तर हाल ती व्यापारिक तथा सेवासम्बन्धी संस्थानहरूले आफ्नो साधनबाट यस्ता ऋणहरू चुक्ता गर्न नसक्ने स्थिति देखा परेको छ । त्यस प्रकारको रकम रू. ६० करोडभन्दा बढी भएकोले आफ्नो दायित्व पूरा गर्न श्री ५ को सरकारले क्रमशः आगामी वर्षहरूको बजेटमा समेत व्यवस्था गर्दै जाने नीति लिएको छ ।

चालू आर्थिक वर्षको बजेट पेश गर्दा मैले केही अनावश्यक तथा राम्रोसंग चल्न नसक्ने संस्थानहरूलाई खारेज समेत गर्ने भने अनुरूप श्रावण १ गतेदेखि सबै धान चामल निर्यात कम्पनीहरूलाई खारेज गरिनेछ । अन्य अनावश्यक देखिएका सरकारी संस्थानहरूलाई पनि क्रमशः खारेज गर्दै लगिनेछ । श्री ५ को सरकारले संस्थानहरूका आर्थिक स्थितिमा प्रतिकूल असर नपरोस् भन्ने उद्देश्यले मूल्य नीति र अनुदान नीतिमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समेत आवश्यक परिवर्तन गरी त्यस्ता संस्थाहरूलाई बढी उत्तरदायी गराउनेछ । संस्थान सुदृढीकरण प्रतिवेदनमा उल्लेखित सुझावहरूलाई समेत दृष्टिगत गरी संस्थानहरूमा आर्थिक अनुशासन कायम गराउन र व्यवस्थापनमा समेत सुधार ल्याउन आवश्यक कदमहरू उठाइनेछ । यस्ता कदमहरूबाट श्री ५ को सरकारको आर्थिक दायित्व अब बढ्न जाने छैन भन्ने विश्वास लिएको छु ।

देशको वैदेशिक व्यापार क्षेत्र विगत दशकदेखि नै सदा चिन्ताको विषय रहेको छ । चालू आर्थिक वर्षमा वैदेशिक व्यापार घाटाले रू. ३ अरब नाघ्ने संकेत दिएको छ । यस क्षेत्रमा सुधार ल्याउन हामीले निकै ध्यान दिनु पर्ने देखिन्छ । यसको निम्ति श्री ५ को सरकारले वैदेशिक व्यापारको विभिन्न पक्षहरूको अध्ययन गरी व्यापार नीति तर्जुमा गर्नेछ । निर्यात प्रवर्द्धन गर्न एकातिर निर्यातयोग्य वस्तुहरूको उत्पादन बढाउनु पर्ने आवश्यकता छ भने अर्कोतिर आयात घटाउन आयात हुने वस्तुहरूको उत्पादन पर्याप्त मात्रामा बढाउनु पर्ने देखिन्छ । निर्यात बढाउने उपायहरूलाई प्रोत्साहन दिने नीति अपनाउनुको साथै व्यापार घाटा कम गर्न आयात प्रतिस्थापन गर्ने श्री ५ को सरकारको नीति रहनेछ । यसको निम्ति केही वित्तीय उपायहरूको अवलम्बन गर्नु पर्ने देखिन्छ । साथै अन्य केही वस्तुहरूको निर्यातलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक बनाउन निर्यातकर्ताहरूलाई वित्तीय सहयोग समेत उपलब्ध गराउन पर्ने देखिन्छ । आयात प्रतिस्थापन गर्न छोटो अवधिमा घरेलु तथा साना उद्योगको विस्तारमा जोड दिइनेछ भने लामो अवधिमा ठूला उद्योगहरू स्थापना गर्न प्रोत्साहन दिने नीति श्री ५ को सरकारको रहनेछ ।

अध्यक्ष महोदय,

आज कुनै पनि देशको अर्थ व्यवस्था एक्लो रहन सक्तैन । विश्वको इतिहास हेरेमा पनि कुनै न कुनै किसिमबाट विदेशी साधन परिचालन गर्न नसक्ने देशहरू विकास क्रममा अगाडि बढ्न सकेको देखिन्न । अझ सीमित साधन तथा सीमित बजार भएको र अहिलेको अवस्थाको सन्दर्भमा हाम्रो जस्तो विकासोन्मुख देशको निम्ति आफू स्वावलम्बी नभएसम्म वैदेशिक सहायता सक्दो मात्रामा उपयोग गर्नु विकासको निम्ति आवश्यक र अपरिहार्य कुरा हो । विकसित मुलुकहरूले हाम्रो जस्तो विकासोन्मुख देशहरूलाई सहायता दिने नीति एक आर्थिक प्रश्न मात्र नभै अन्तर्राष्ट्रिय नैतिक बाध्यता पनि हो भन्ने कुरामा हामी जस्ता सबै विकासोन्मुख देशहरू विश्वस्त छन् । यस सन्दर्भमा आगामी आर्थिक वर्षभित्र नै अति कम विकसित देशहरूको निम्ति पेरिसमा एक अन्तर्राष्ट्रिय सम्मेलन बोलाइने भएको छ । विश्व बैंकको तत्वावधानमा नेपाल सहायता समूहको बैठक पनि बस्ने भएको छ । यस्ता सम्मेलनहरूबाट हामी जस्तो विकासोन्मुख देशहरूलाई निकै फाइदा हुने आशा राखेको छु । विकासोन्मुख देशहरूको कठिन आर्थिक स्थितिबारे अन्तर्राष्ट्रिय जगतले बढ्दो अभिरुची राख्नु हाम्रो लागि एक उत्साहवर्द्धक कुरा हो ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# २

अध्यक्ष महोदय,

अब म संक्षिप्त रूपमा गत वर्षको यथार्थ आय-व्यय र चालू वर्षको संशोधित अनुमानको विवरण पेश गर्दछु ।

आर्थिक वर्ष २०३६।३७ मा साधारणतर्फ रू. १ अरब १६ करोड ५५ लाख खर्च हुने संशोधित अनुमान भएकोमा यथार्थमा रू. १ अरब १६ करोड २१ लाख खर्च भएको छ, जुन संशोधित अनुमानको ९७ प्रतिशत छ । चालू आर्थिक वर्षमा साधारणतर्फ रू. १ अरब ४५ करोड ४२ लाख खर्च हुने अनुमान भएकोमा रू. १ अरब ४२ करोड ६४ लाख अथवा बजेट अनुमानको ९८ प्रतिशत खर्च हुने संशोधित अनुमान छ ।

श्री ५ को सरकारले सकभर साधारण खर्चमा नियन्त्रण गरी राजस्व बचत बढी मात्रामा विकासको निम्ति परिचालन गर्ने नीति अपनाएको छ । तर पनि आर्थिक तथा सामाजिक सेवा, साँवा तथा व्याज भुक्तानी र शान्ति सुरक्षाको निम्ति बढ्दो खर्चको सन्दर्भमा साधारणतर्फको खर्चमा वृद्धि हुनु स्वाभाविक प्रवृत्ति हो ।

विकासतर्फको खर्च पाँचौं योजनाकालमा औषत १९.२ प्रतिशतले वृद्धि भएको थियो र कुल विकास खर्चको ४८.० प्रतिशत विदेशी सहायताबाट र ५२.० प्रतिशत आन्तरिक स्रोतबाट व्यहोरिएको थियो । बढ्दो मात्रामा आन्तरिक तथा वाह्य साधनको परिचालन हुन सकेबाट नै विकास खर्चको दर वृद्धिमा तीव्रता कायम गर्न सकिएको हो । उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्ने नीति अनुरुप विगत केही वर्षदेखि विकास खर्चको ढाँचामा पनि क्रमिक रूपले परिवर्तन हुँदै आएको छ ।

आर्थिक वर्ष २०३६।३७ मा विकासतर्फ जम्मा रू. २ अरब ३४ करोड ६६ लाख खर्च हुने संशोधित अनुमान भएकोमा यथार्थमा रू. २ अरब ३० करोड ८६ लाख खर्च भएको छ, जुन संशोधित अनुमानको ९८ प्रतिशत हुन्छ । त्यस्तै चालू आर्थिक वर्षमा रू. ३ अरब ४१ करोड ३९ लाख खर्च हुने अनुमान भएकोमा रू. २ अरब ७६ करोड अथवा अनुमानको ८१ प्रतिशत मात्र खर्च हुने संशोधित अनुमान छ ।

पाँचौं योजनाकालको प्रथम ४ वर्षमा राजस्व प्रतिवर्ष औषत १५.८ प्रतिशतको दरले वृद्धि भएको थियो । यस अवधिमा करको दरमा वृद्धि हुनका साथै कर लाग्ने आधारलाई विस्तृत गरिएबाट पनि निकै थप रकम प्राप्त हुन सकेको थियो । आर्थिक वर्ष २०३६।३७ मा कृषि उत्पादन निकै घट्न गएको हुँदा राजस्व सङ्कलनमा ३.८ प्रतिशतले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मात्र वृद्धि हुन सक्यो । आर्थिक वर्ष २०३६।३७ मा रू. १ अरब ७४ करोड ७६ लाख राजस्वबाट प्राप्त हुने संशोधित अनुमान भएकोमा रू. १ अरब ८८ करोड अथवा संशोधित अनुमानभन्दा ७.६ प्रतिशत बढी रकम प्राप्त भएको छ। चालू आर्थिक वर्षमा राजस्वबाट रू. २ अरब ४१ करोड ४३ लाख प्राप्त हुने अनुमान भएकोमा रू. २ अरब ४२ करोड ६१ लाख अथवा अनुमानभन्दा केही बढी रकम प्राप्त हुने संशोधित अनुमान छ।। यस वर्ष भन्सार तथा बिक्री करबाट अनुमानभन्दा बढी रकम सङ्कलन हुने संशोधित अनुमान छ । तर दीर्घकालीन दृष्टिबाट वैदेशिक व्यापारमा खास गरी आयातमाथिको निर्भरता रहने प्रवृत्ति आर्थिक विकासको दृष्टिकोणले राम्रो होइन । गैरकर राजस्व सङ्कलन भने अनुमान भन्दा निक कम हुने देखिन्छ । वनबाट अनुमानभन्दा कम राजस्व प्राप्त भएको र साँवा तथा व्याज वापतको रकम संस्थानहरूले समयमा चुक्ता गर्न नसकेको हुँदा यी स्रोतबाट प्राप्त हुने रकम घट्न जाने संशोधित अनुमान छ ।

देश विकासको निम्ति साधन जुटाउनमा सरकारी क्षेत्रको ठूलो भूमिका रहेको छ । तर यसो भए तापनि राजस्व सङ्कलन गर्ने काममा मात्र दृष्टि नराखी कर नीतिबाट निजी क्षेत्रलाई प्रोत्साहन गर्ने र सामाजिक न्यायका उद्देश्यहरू हासिल गर्नेतर्फ पनि पूरा ध्यान दिइएको छ । राजस्व प्रशासन स्वस्थ र सुदृढ नभएमा कर व्यवस्थाले गरेको निर्दिष्ट लक्ष्य हासिल हुन नसक्ने भएको र कर व्यवस्थामा विकृति पनि आउने भएको हुँदा कर प्रशासनमा सुधार गर्ने प्रयास गरिएको छ । यस क्रममा चालू आर्थिक वर्षमा राजस्व प्रशासन तालीम केन्द्रको स्थापना भएको छ र यसले राजस्व प्रशासन सुधारमा ठोस प्रभाव पार्ने आशा राखिएको छ ।

आर्थिक वर्ष २०३६।३७ को विकास खर्चको ४२ प्रतिशत आन्तरिक स्रोतबाट र ५८ प्रतिशत वाह्य स्रोतबाट व्यहोरिएको छ । आन्तरिक स्रोतमध्ये रू. ७१ करोड ७९ लाख राजस्व बचतबाट, रू. १८ करोड आन्तरिक ऋणबाट र बाँकी रू. ७ करोड १ लाख नगद मौज्दातबाट व्यहोरिएको छ ।

चालू आर्थिक वर्षको संशोधित अनुमान अनुसार कुल विकास खर्चमध्ये रू. १ अरब ५१ करोड ३ लाख विदेशी सहायताबाट व्यहोरिने अनुमान छ, जुन कुल विकास खर्चको ५५ प्रतिशत हुन आउँछ । आन्तरिक साधनबाट व्यहोरिने रकममध्ये रू. ९९ करोड ६७ लाख राजस्व बचतबाट र नपुग रकम रू. २५ करोड आन्तरिक ऋणबाट व्यहोरिने संशोधित अनुमान छ । चालू आर्थिक वर्षमा नगद मौज्दातबाट रू. १५ करोड ५५ लाख व्यहोर्ने अनुमान भएकोमा राजस्व अनुमानभन्दा बढी उठेको तर खर्च भने अनुमानभन्दा कम हुन गएको हुँदा नगद मौज्दातबाट खर्च व्यहोर्नु परेन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३

अध्यक्ष महोदय,

आगामी वर्षको बजेट तर्जुमा गर्दा उत्पादन वृद्धि गरी जनसाधारणलाई प्रत्यक्ष फाइदा पुऱ्याउने क्षेत्रमा बढी लगानी गर्ने नीति अपनाएको छ। यस अनुरुप कृषि तथा उद्योग जस्ता क्षेत्रहरूमा हुने लगानीमा निकै वृद्धि गरिनुको साथै न्यूनतम आवश्यकता पूर्ति गर्ने खालका कार्यक्रमहरू जस्तै, खानेपानी, प्राथमिक शिक्षा स्कूलका लागि छानाहरू, आधारभूत स्वास्थ्य सेवा र झोलुङ्गे पुल, गोरेटो घोडेटो आदि आधारभूत यातायात सुविधा पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिइएको छ। यसको अतिरिक्त विकास प्रक्रिया बढी जनमुखी बनाउने उद्देश्य राखी अनुदानमा उल्लेखनीय रूपले वृद्धि गरिएको छ। साथै चालू वर्षमा समावेश गर्न नसकिएका थप कार्यक्रमहरू पनि आगामी वर्षको बजेटमा समावेश गरेको छु। यी कारणहरूले गर्दा विकास बजेटमा निकै वृद्धि भएको छ। गत वर्षहरूमा भएको विकास खर्चको दाँजोमा मैले प्रस्तुत गरेको बजेट महत्वाकांक्षी देखिए तापनि हाम्रो आवश्यकतालाई र विकास प्रतिको कटिवद्धतालाई ध्यानमा राखी यो वृद्धिलाई अपरिहार्य ठानेको छु। आर्थिक प्रशासनलाई विकेन्द्रीकरण गरिएबाट खर्च गर्ने क्षमतामा वृद्धि हुने भएकोले पनि यस बजेटलाई महत्वाकाँक्षी भन्न मिल्दैन भन्ने मेरो धारणा छ।

बजेट तर्जुमा गर्दा सकभर अनावश्यक खर्चमा कटौती गर्ने नीति श्री ५ को सरकारले विगत वर्षहरूदेखि अपनाउँदै आएको छ र आगामी वर्षको बजेट तयार गर्दा पनि उक्त सिद्धान्तलाई बढी दृढताका साथ अपनाइएको छ। आगामी वर्षको बजेटमा नयाँ आयोजनाहरू लिनु भन्दा सकभर सञ्चालन भइरहेका आयोजनाहरू समयमा पूरा गर्नेतर्फ जोड दिइएको छ।

वन, जङ्गलको अनियमित ह्रासले गर्दा बाढी, पैरो आदिबाट हुने धनजनको क्षतिलाई रोक्न भू-क्षय नियन्त्रण, नदी नियन्त्रण जस्ता कार्यक्रमहरूलाई देशको विभिन्न भागमा विस्तार गर्दै जाने व्यवस्था मिलाइएको छ। वन पैदावारको बढ्दो माग र प्राकृतिक सन्तुलनको आवश्यकतालाई समेत दृष्टिगत गरी सामुदायिक वन विकास, वृक्षारोपण, राष्ट्रिय निकुञ्ज जस्ता कार्यक्रमलाई बढावा दिइएको छ।

तराई क्षेत्रमा बसोबास बढाउन धेरै संभावना नरहेकोले पहाडी भेगमा नै बसोबास कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले ग्रामीण अर्थ व्यवस्थाका विविध पक्ष जस्तै पशुपालन, फलफूल विकास, घरेलु उद्योग आदि उत्पादनशील कार्यक्रमको माध्यमबाट आर्थिक स्तर उठाउने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

हाल अन्य देशहरूले जस्तै नेपालले पनि ऊर्जा समस्याको सामना गर्नु परेको छ। देशमा अपार जल सम्पदा भएको हुँदा ऊर्जाको बढ्दो आवश्यकता पूरा गरी देश विकासमा टेवा पुऱ्याउने र जनजीवनको निम्ति चाहिने आवश्यक ऊर्जाको आपूर्ति गर्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

काममा विद्युत क्षेत्रको ठूलो महत्व रहेको छ। तसर्थ विद्युत शक्तिको संभावनाहरू र ऊर्जाको आवश्यकतालाई हेरी विद्युत शक्तिको विकासमा जोड दिइएको छ । यस परिप्रेक्ष्यमा दुर्गम क्षेत्रहरूमा पनि साना जल विद्युत आयोजनाहरू सञ्चालनको निम्ति रकमको व्यवस्था गरिएको छ ।

अध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्षको आय व्ययको अनुमान पेश गर्दछु । विकास बजेटतर्फ रू. ५ अरब ३३ करोड ३७ लाख र साधारण बजेटतर्फ रू. १ अरब ७७ करोड ६४ लाख खर्च गर्ने प्रस्ताव राखेको छु। यो खर्च चालू बजेटको संशोधित अनुमानको तुलनामा साधारण बजेटतर्फ २४.५ प्रतिशतले र विकास बजेटतर्फ ६३.३ प्रतिशतले बढी छ। तर चालू वर्षको बजेट अनुमानको तुलनामा प्रस्तावित साधारण बजेट र विकास बजेट क्रमशः २२.४ र ५६.२ प्रतिशतले वृद्धि भएको छ।

साधारण बजेटमा संवैधानिक अङ्गमा रू. ६ करोड २७ लाख, साधारण प्रशासनमा रू. २६ करोड ४ लाख, कारागार सुधारमा रू. ३० लाख, राजस्व प्रशासनमा रू. ४ करोड ६१ लाख, आर्थिक प्रशासन र योजनामा रू. २ करोड, न्याय प्रशासनमा रू. २ करोड ६७ लाख, वैदेशिक सेवामा रू. ५ करोड ८ लाख, रक्षामा रू. २८ करोड ८० लाख, सामाजिक सेवामा रू. २५ करोड ७४ लाख, आर्थिक सेवाहरूमा रू. १३ करोड ६८ लाख, ऋण तथा लगानी र साँवा ब्याजमा रू. ३४ करोड ८ लाख, र विविधमा रू. २८ करोड ९८ लाखको व्यवस्था गरेको छु।

विकास बजेटको कुल खर्च मध्ये आर्थिक सेवामा रू. ३ अरब ८४ करोड ९८ लाख, सामाजिक सेवाहरूमा रू. १ अरब ३९ करोड ५९ लाख र साधारण प्रशासन, आर्थिक प्रशासन र योजना र विविधमा जम्मा रू. ८ करोड ८० लाख छुट्याइएको छ। आर्थिक सेवाहरूमा छुट्याइएको कुल रकममध्ये कृषि, भूमिसुधार र सिंचाइमा रू. १ अरब २३ करोड १३ लाख, यातायातमा रू. ९२ करोड ४ लाख, विद्युत्मा रू. ७३ करोड ४ लाख, उद्योग तथा खानीमा रू. ६१ करोड ३ लाख, वनमा रू. १७ करोड ९६ लाख र अन्य आर्थिक सेवाहरूमा रू. ५ करोड ९५ लाख छुट्याइएको छ। सामाजिक सेवाहरूतर्फ छुट्याइएको रकममध्ये शिक्षामा रू. ४४ करोड ९३ लाख, पञ्चायत तथा स्थानीय विकासमा रू. ४४ करोड ८८ लाख, स्वास्थ्यमा रू. २० करोड २५ लाख, खाने पानीमा रू. १८ करोड ११ लाख र अन्य सामाजिक सेवाहरूमा रू. ११ करोड ४३ लाख छुट्याइएको छ।

विकास खर्च कुल रू. ५ अरब ३३ करोड ३७ लाखमध्ये रू. १ अरब ५४ करोड ३ लाख श्री ५ को सरकारबाट सञ्चालन हुने कार्यक्रममा मात्र खर्च हुने अनुमान छ। यसमध्ये रू. १४ करोड ३२ लाख पञ्चायतहरूलाई विभिन्न विकास कार्यक्रमको निम्ति अनुदान दिनको निम्ति व्यवस्था गरेको छु। यस सम्बन्धमा चालू आर्थिक वर्षमा पञ्चायत अनुदान रू. ३ करोड रहेकोमा आगामी वर्षको निम्ति राखिएको रकम निकै बढी छ। यसबाट स्थानीय विकास कार्यक्रममा जनसहभागिता बढ्न गई पञ्चायतका विभिन्न निकायहरूबाट आर्थिक विकासमा ठूलो योगदान मिल्नेछ भन्ने विश्वास लिएको छु। यस्तै

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी संस्थानहरूको आर्थिक कार्यकलापमा स्फूर्ती ल्याउन श्री ५ को सरकारका संस्थानहरूलाई रू. १७ करोड ६६ लाख लगानीको रूपमा र रू. ८ करोड ८४ लाख अनुदानको रूपमा व्यवस्था गरेको छु ।

हाल नेपालका ७ अञ्चलमा एकीकृत ग्रामीण विकास कार्यक्रमहरू संचालन भई रहेका छन् । आगामी वर्षको निम्ति एकीकृत ग्रामीण विकास कार्यक्रमको निम्ति जम्मा रू. ३० करोड ३१ लाख छुट्याइएको छ । यो खर्चलाई बजेटमा छुट्टै नदेखाई सम्बन्धित कार्य सञ्चालन गर्ने क्षेत्रहरूको खर्चमा नै देखाइएको छ ।

कृषि क्षेत्रतर्फ सिंचाइमा ठूला तथा मझौला सिंचाइ आयोजनाहरूको निम्ति रू. ३२ करोड ६० लाख र साना सिंचाइ आयोजनाहरू खास गरी एकीकृत ग्रामीण विकास आयोजना, पहाडी खाद्यान्न विकास आयोजना र फार्म सिंचाइ तथा जल उपयोग आयोजनाहरूमा समेत गरी रू. १३ करोड व्यवस्था गरिएको छ । यस्तै गरी भूमिगत जल उपयोग आयोजनाहरूको लागि रू. २ करोड ८२ लाख छुट्याइएको छ ।

कृषितर्फ बाली विकास कार्यक्रमको लागि रू. ४ करोड ४३ लाख समावेश गरिएको छ । यसमध्ये खाद्यान्न बाली विकासको लागि रू. ३ करोड ८ लाख र नगदे बाली विकासको लागि रू. १ करोड ३५ लाख छुट्याइएको छ । साथै कृषि अनुसन्धान कार्यक्रमको लागि रू. १ करोड १५ लाख र कृषि प्रसारको लागि रू. १३ करोड ८ लाख छुट्याइएको छ । अन्य कृषि कार्यक्रमतर्फ पशु विकास कार्यक्रमको लागि रू. १० करोड १८ लाख, बागवानी विकासको लागि रू. १ करोड ३३ लाख र मत्स्य विकासको लागि रू. १ करोड ३२ लाख समावेश गरिएको छ । कृषकहरूलाई विभिन्न कार्यक्रम अन्तर्गत ऋण सुविधा उपलब्ध गराउन कृषि विकास बैङ्कको लागि रू. १२ करोड ३० लाखको व्यवस्था गरिएको छ । यस्तै गरी कृषकहरूलाई कृषि सामग्री उपलब्ध गराउन कृषि सामग्री संस्थानलाई रू. ९ करोड ८० लाखको व्यवस्था गरिएको छ । यसबाट कृषि उत्पादनमा योजना अनुरूप वृद्धि हुनेछ भन्ने बिश्वास लिएको छु ।

उद्योग तथा खानीको लागि विकास खर्च रू. ६१ करोड ३ लाखमध्ये हेटौंडा सिमेन्ट कारखानाको निम्ति रू. ४३ करोड छुट्याइएको छ । विद्युत्को निम्ति आगामी आर्थिक वर्षमा विकास खर्च रू. ७३ करोड ४ लाख छुट्याइएको छ । यसमध्ये रू. ३४ करोड ८० लाख कुलेखानी जल विद्युत आयोजनाको निम्ति, रू. १५ करोड २२ लाख देवीघाट जल विद्युत् योजनाको निम्ति, रू. ४ करोड ८५ लाख साना जल विद्युत् आयोजनाहरूको निम्ति छुट्याइएको छ ।

यातायातमा आगामी वर्षको निम्ति रू. ९२ करोड ४ लाख छुट्याइएको छ । यसमध्ये सडक यातायातको निम्ति रू. ६१ करोड ३ लाख छुट्याइएको छ । हवाई विकासको निम्ति रू. २३ करोड ४६ लाख छुट्याइएको छ । पुलहरूको निम्ति छुट्याइएको रकममध्ये रू. ५ करोड ९८ लाख झोलुङ्गे पुलहरूको निम्ति विनियोजित गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सञ्चारतर्फ आगामी वर्षको निम्ति रू. ७ करोड ९६ लाख छुट्याइएकोमा दूर सञ्चारको लागि रू. ७ करोड ४३ लाख छुट्याइएको छ ।

सामाजिक सेवातर्फ शिक्षामा रू. ४४ करोड ९३ लाख छुट्याइएकोमा रू. १६ करोड ४८ लाख अथवा ३६.७ प्रतिशत प्राथमिक शिक्षाको लागि छुट्याइएको छ। यस्तै गरी स्वास्थ्य सेवातर्फ जम्मा रू. २० करोड २५ लाख छुट्याइएकोमा रू. ३ करोड ५१ लाख अथवा १७.३ प्रतिशत आधारभूत स्वास्थ्य सेवाको लागि छुट्याइएको छ। खानेपानी तथा ढल निकासको लागि रू. २४ करोड ५५ लाख छुट्याइएको छ ।

मैले प्रस्तुत गरेको कुल विकास खर्चलाई विकास क्षेत्र अनुसार बाँडफाँड गर्दा सुदूर पूर्वाञ्चल धनकुटा विकास क्षेत्रमा १६.२२ प्रतिशत, पूर्वाञ्चल काठमाडौं विकास क्षेत्रमा २५.६७ प्रतिशत, मध्यमाञ्चल पोखरा विकास क्षेत्रमा १२.८४ प्रतिशत, पश्चिमाञ्चल वीरेन्द्रनगर विकास क्षेत्रमा १०.२४ प्रतिशत र सुदूर पश्चिमाञ्चल दिपायल विकास क्षेत्रमा ५.९६ प्रतिशत पर्दछ । राष्ट्रिय स्तरका आयोजनाहरू जस्तै हेटौंडा सिमेन्ट कारखाना, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल, कुलेखानी जल विद्युत् आयोजना र अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरूलाई राष्ट्रिय स्तरमा समावेश गरिएको छ। यस्ता आयोजनाहरूको लागि कुल विकास खर्चको २९.०७ प्रतिशत पर्दछ ।

आयतर्फ वर्तमान आय स्रोतबाट आगामी वर्ष रू. २ अरब ७१ करोड ९३ लाख प्राप्त हुने अनुमान छ । यो रकम चालू आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा १२.०९ प्रतिशतले वृद्धि हुने अनुमान छ। कुल आयको अनुमानमध्ये कर राजस्वबाट रू. २ अरब २१ करोड ८८ लाख अर्थात् ८१.५९ प्रतिशत हुने अनुमान छ। कर राजस्वबाट प्राप्त हुने आयमध्ये भन्सार महसूलबाट रू. ९१ करोड ७० लाख अर्थात् ४१.३३ प्रतिशत अन्तःशुल्कबाट रू. २५ करोड ९७ लाख अर्थात् ११.७ प्रतिशत, बिक्रीकरबाट रू. ५९ करोड ६० लाख अर्थात् २६.८६ प्रतिशत र अन्य करहरूबाट रू. ४४ करोड ६१ लाख अर्थात् २०.११ प्रतिशत प्राप्त हुने अनुमान छ। गैर कर राजस्वबाट प्राप्त हुने रू. ५० करोड ५ लाखमध्ये साँवा तथा ब्याज र लाभांशबाट रू. १८ करोड २८ लाख अर्थात् ३६.५२ प्रतिशत, वनबाट रू. १० करोड २४ लाख अर्थात् २०.४६ प्रतिशत र बाँकी अन्य स्रोतबाट रू. २१ करोड ५३ लाख अर्थात् ४३.०२ प्रतिशत हुने अनुमान गरिएको छ ।

यसरी साधारण र विकास बजेट गरी कुल खर्च रू. ७ अरब ११ करोड ३२ लाख हुन आउँछ। राजस्वतर्फ वर्तमान स्रोतबाट रू. २ अरब ७१ करोड ९३ लाख, विदेशी अनुदान रू. १ अरब ४० करोड ४ लाख, विदेशी ऋणबाट रू. १ अरब ७८ करोड ७८ लाख प्राप्त हुने अनुमान भएबाट रू. १ अरब २० करोड ५८ लाख न्यून हुने अनुमान छ ।

वैदेशिक सहायतातर्फ अनुदान र ऋण गरी जम्मा रू. ३ अरब १८ करोड ८१ लाख प्राप्त गर्ने अनुमान भएको छ। यो रकम कुल विकास खर्चको ५९.८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८८

प्रतिशत हुन आउँछ विदेशी ऋणको रकम केही वर्षदेखि बढ्दै गएको भए तापनि हाल अन्य विकासोन्मुख देशको तुलनामा नेपालको वैदेशिक ऋणको भार निकै कम छ । खास गरी विदेशी सहायता अन्तर्गत संचालन भइरहेका आयोजनाहरूको खर्च पछिल्ला वर्ष-हरूमा बढ्दै गएबाट यस्ता सहायताको रकम आगामी वर्ष बढी हुन गएको हो। यसको अतिरिक्त केही नयाँ आयोजनाहरू पनि संचालन गर्नु परेको छ ।

हाल श्री ५ को सरकारले संचालन गरेका धेरैजसो विकास आयोजनाहरू समयमा समाप्त हुन सकेका छैनन् । यसले गर्दा आयोजनाहरूको लागत अप्रत्याशीत रूपले बढ्न गई अर्थ व्यवस्थामा ठूलो भार पर्न गएको छ। यस सन्दर्भमा प्रशासनिक बाधा अड-काउहरू फुकाउने, योजना कार्यान्वयन गर्ने इकाईहरूको क्षमतामा वृद्धि गर्ने तथा विकेन्द्रि-करणको सिद्धान्तलाई नजरमा राखी आवश्यक सुधार गर्ने कुरामा ध्यान दिइएको छ । अब म आर्थिक प्रशासनलाई सुधार गर्न आगामी आर्थिक वर्षको निम्ति श्री ५ को सरकारले अपनाउने कदमहरू यस सदनलाई अवगत गराउन चाहन्छु ।

बजेट पारित भैसकेपछि पनि यातायात र संचारको कठिनाइले गर्दा अधि-राज्यका विभिन्न जिल्लास्थित कार्यालय तथा योजनाहरूमा वर्तमान कार्य प्रणालीद्वारा समयमै निकासाको रकम पुग्न सकेको छैन। बजेट व्यवस्था हुँदा हुँदै पनि विकास आयोजना-हरूको काम समयमै संचालन हुन मुश्किल परिरहेको छ। तसर्थ बजेट निकासाको प्रक्रिया-लाई नै सरल गरी आर्थिक अनुशासनललाई सुदृढ गर्ने उद्देश्यले आगामी वर्षमा अधिराज्यका सम्पूर्ण जिल्लाहरूमा कोष तथा लेखा नियन्त्रक कार्यालय खडा गर्ने प्रयास गरेको छु । हालसम्म केन्द्रबाटै हुने गरेको बजेट निकासा अब जिल्लास्थित कार्यालय तथा आयोजना-हरूलाई सोझै यी कार्यालयहरूबाट प्राप्त हुनेछ यस प्रकार समयमा निकासा नपुग्ने समस्या समाधान हुने विश्वास लिएको छु। बजेट निकासाको अतिरिक्त यी कार्यालयहरूले जिल्लामै राजस्व तथा विनियोजित रकमको आन्तरिक लेखापरीक्षणहरू तथा लेखा-परीक्षणबाट देखिएका बेरूजूहरू फछर्याउने तथा आर्थिक प्रशासनसंग सम्बन्धित अन्य कार्यहरू पनि गर्ने भएकोले बजेट कार्यान्वयन तथा नियन्त्रणको कार्य प्रभावकारी हुने विश्वास लिएको छु । यस व्यवस्थाबाट जनप्रतिनिधिहरूलाई आफ्नो जिल्लामा संचालन हुने आयोजनाहरूको राम्रो जानकारी हुन जानेछ र विकास कार्यमा बढी सहयोग हुन गई विकास गति तीव्र तुल्याउनमा सहायक हुन्छ भन्ने आशा श्री ५ को सरकारले लिएको छ।

विकास आयोजनाहरूको कार्यान्वयनमा बजेटको अभावले शिथिलता नआओस् भन्ने उद्देश्यले विकास बजेट आर्थिक वर्षको अन्तमा फ्रीज नगरी पछि निकासा हुने बजेटबाट हिसाब मिलान गर्ने गरी खर्च गर्दै जाने व्यवस्था भई रहेकोमा यसबाट अपेक्षित उद्देश्य प्राप्त हुन नसक्नाको साथै लेखासम्बन्धी कठिनाईहरू पनि उत्पन्न भएका छन् । उता साधारणतर्फको बजेट साल तमामीमा फ्रीज गरी कार्यालयको दैनिक कार्य सञ्चालनको निम्ति बजेट निकासा प्राप्त नभएसम्मको निम्ति स्थानीय बैंकले रू.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३,०००।– सम्म दिने गरेकोमा सो रकम पनि अपर्याप्त भएको महसूस गरी यी कठिनाई हटाउन आगामी वर्षदेखि निम्नबमोजिमको व्यवस्था गर्न लागेको छु।

लेखापढीको झन्झट सकेसम्म घटाई कार्यालय तथा आयोजनाहरूलाई सरल तरीकाबाट बजेट निकासा गरी कार्यक्रमलाई गतिशील बनाउन सघाउ पुऱ्याउने उद्देश्यले साबिकमा त्रैमासिकको आधारमा वर्षभरिमा चार पटक गरी बजेट निकासा दिने व्यवस्थाको सट्टा आगामी आर्थिक वर्षदेखि चतुर्मासिक रूपमा ३ पटक गरी बजेट निकासा दिने व्यवस्था मिलाएको छु।

यातायात र सञ्चारको कमीले गर्दा प्रथम चतुर्मासिक निकासा अधिराज्यका सबै जिल्ला र कार्यालयमा पुग्न लाग्ने समयको दृष्टिकोणले आगामी आर्थिक वर्षदेखि अघिल्लो आर्थिक वर्षमा भएको खर्चको $\frac{1}{6}$ खण्ड अर्थात् २ महीना बराबरको रकम बजेट अनुसार हुने निकासाबाट कट्टा गर्ने गरी तत्काल स्थानीय बैंकले पेस्कीस्वरूप उपलब्ध गराउने व्यवस्था गरेको छु। यसरी दुई महीनाभित्र अधिराज्यका प्रत्येक कार्यालयमा निकासा पुऱ्याउन सक्ने भई बजेट निकासाको अभावमा काम नरोकिने हुनेछ भन्ने विश्वास लिएको छु। साथै अहिलेसम्मको अनुभवको आधारमा आर्थिक कारोवारमा देखिएका त्रुटीहरू हटाउन सम्बन्धित ऐन, नियमहरू पनि संशोधन गर्ने व्यवस्था मिलाएको छु।

## ४

अध्यक्ष महोदय,

माथि प्रस्तुत आय व्ययको विवरण अनुसार देखिन आएको न्यून पूर्ति गर्न निम्नबमोजिम थप कर प्रस्तावहरू प्रस्तुत गरेको छु। यी प्रस्तावहरू तर्जुमा गर्दा खास गरी वर्तमान कर व्यवस्थालाई सक्षम, सुदृढ एवं बढी व्यावहारिक तुल्याउनाका साथै कर निर्धारण प्रणालीलाई समेत सरल, न्यायपूर्ण तथा व्यावहारिक तुल्याउँदै लैजानेतर्फ विशेष ध्यान दिएको छु। विकास अभियानको निम्ति आवश्यक साधन जुटाउन करका दरहरूमा मात्र वृद्धि नगरी कर प्रशासनमा नै सुदृढीकरणका साथै समयानुकूल सुधार समेत गरी राजस्वमा वृद्धि गर्ने नीति अपनाएको छु।

हाम्रो जस्तो विकासोन्मुख देशमा निम्न आय भएका वर्ग तथा साना किसानहरूको हितलाई मध्य नजर राखी यस्ता वर्गहरूलाई करको भारबाट अधिकतम छुट दिने, मध्यम वर्गलाई पनि बढ्दो महङ्गीको भारबाट उचित राहत हुने र कर तिर्ने क्षमता भएकै वर्गबाट बढी कर सङ्कलन गर्ने जस्ता सामाजिक न्यायका सिद्धान्तलाई अपनाएको छु। कर प्रणालीको उद्देश्य अधिकतम राजस्व सङ्कलन गर्नु मात्र नभै अत्यावश्यक उपभोग्य वस्तुहरू देशभित्र उत्पादन गर्न आयात प्रतिस्थापन गर्ने खालका उद्योग धन्दाहरूको विकासको निम्ति अनुकूल वातावरण सिर्जना गर्नको साथै सर्वसाधारण जनताको दैनिक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

250

उपभोग्य वस्तुहरूको मूल्यमा प्रतिकूल प्रभाव पर्न नदिनु र देशको अन्तर्राष्ट्रिय व्यापारको विस्तार एवं विविधीकरणमा सघाउ पुऱ्याउनु पनि हो। यिनै कुराहरूलाई दृष्टिगत गरी मैले आगामी आर्थिक वर्षको कर प्रस्ताव तर्जुमा गरेको छु।

देशको औद्योगिक विकासमा तीव्रता ल्याउन तथा स-साना उद्यमीहरू समेतलाई प्रोत्साहित गर्ने उद्देश्यबाट तयार गरिएको नयाँ औद्योगिक नीति पनि जनसमक्ष आइसकेको छ। यसलाई कार्य रूपमा परिणत गर्न आवश्यक ऐन नियमहरू पनि छिट्टै प्रकाशमा ल्याइने छन्। औद्योगिक विकासको लागि आवश्यक स्वस्थ एवं निश्चितताको वातावरणको खाँचो पूर्ति गर्ने उद्देश्य अनुरूप नै मैले आगामी वर्षको राजस्व नीति निर्धारण गरेको छु।

खर्चको प्रकरणहरूमा मैले माथि उल्लेख गरे अनुसार आगामी वर्षको लागि चाहिने थप रकम चालू छैठौं योजनाको लक्ष्य पूरा गर्ने उद्देश्यबाट समेत आवश्यकता पर्न भएकोले यो रकम विगत वर्षहरूको तुलनामा केही बढी देखिनु स्वाभाविकै हो। यसरी बढी चाहिने राजस्वमध्ये भैरहेकै कर व्यवस्थाबाट अधिकतम राजस्व उठाई त्यसबाट नपुग हुन आएको जति मात्र थप कर प्रस्तावबाट उठाउने नीति लिएको छु। देशमा हाल करको दरवृद्धि गर्दै लगी राजस्व बढाउने ठाउँ ज्यादै सिमित भैसकेको कुरा सबैमा विदितै छ। अहिलेको स्थितिमा करको बोझ बढाएर मात्र बढी राजस्व सङ्कलन हुने होइन, जति करको दरमा वृद्धि भयो त्यति नै मात्रामा कर छल्ने प्रवृत्ति पनि बढ्ने संभावना रहन्छ। त्यसैले राजश्व प्रशासनलाई नै सक्षम, मजबूत, तथा सुदृढीकरण गरी करको दायराबाट करदाताहरू छुट्न नपाउने व्यवस्था गरी कुनै किसिमबाट पनि राजस्व चुहावट हुन नदिई बढी राजस्व सङ्कलन गर्न आगामी वर्षमा विशेष जोड दिएको छु। यस व्यवस्थाबाट मात्र रू. १८ करोड ३२ लाख प्राप्त हुने अनुमान छ। यस किसिमको राजस्व प्रशासन सुधारबाट प्राप्त हुने रकमले नपुग हुने मात्रको निमित्त थप कर प्रस्ताव पेश गरेको छु।

अब म सर्वप्रथम अप्रत्यक्ष कर सम्बन्धी प्रस्ताव पेश गर्दछु।

सर्वसाधारण जनताको अत्यावश्यक उपभोग्य वस्तुहरूको आवश्यकता पूर्ति गर्नुको साथै मूल्य नियन्त्रण गर्ने उद्देश्य अनुरूप, पैठारीतर्फ खस्रो सूती कपडा, मट्टीतेल, कपडाको जुत्ताहरूमा भन्सार महसूल घटाएको छु। साथै सर्वसाधारण जनताको स्वास्थ्य-लाई ध्यानमा राखी सबै किसिमको औषधीहरूको महसूल घटाई १ प्रतिशत मात्र कायम गरेको छु।

यी वस्तुहरूको आपूर्तिको प्रबन्ध मिलाउनाको साथै मूल्य बृद्धिलाई नियन्त्रण गर्न श्री ५ को सरकार सधैं प्रयत्नशील रहने कुरा माननीय सदस्यहरूलाई विश्वास दिलाउन चाहन्छु। यसै सन्दर्भमा मट्टीतेलको पैठारी महसूल घटाएबाट प्रत्यक्ष फाइदा उपभोक्तालाई दिन मट्टीतेलको मूल्य प्रति लिटर रू. ५।१५ बाट घटाई रू. ४।९० मात्र कायम गरिएको छ। साथै यसको नियमित आपूर्तिको व्यवस्था समेत मिलाइएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सर्वसाधारण जनताको उपभोगको निम्ति पैठारी गरिने सामानहरू अन्तर्राष्ट्रिय बजारमा जहाँ सस्तो र सुलभ हुन्छ सोही ठाउँबाट आयात गर्न प्रोत्साहित हुने गरी त्यस्ता वस्तुहरूको पैठारी महसूलको दरमा धेरै फरक हुन नपाउने गरी सकभर सामञ्जस्य एवं एकरूपता कायम गर्न प्रयास गरेको छु ।

विश्वभरि नै सन् १९८१ लाई अन्तर्राष्ट्रिय अपाङ्ग वर्षको रूपमा मनाउन लागिरहेको कुरा यस सदनलाई विदितै छ । हाम्रो देशमा पनि अपाङ्गहरूको हितको लागि विभिन्न क्रियाकलापहरू भैरहेका छन् । यस कार्यमा सघाउ पुऱ्याउने उद्देश्य अनुरुप अपाङ्ग-हरूको लागि चाहिने सहायक उपकरणहरूको पैठारीमा लाग्ने महसूल पूर्ण रूपले छुट दिने व्यवस्था गरेको छु ।

समाचारपत्रपत्रिकाको सुविधास्वरूप साबिकमा प्रेस मेशीन, यसका पार्ट-पूर्जाहरू र छाप्ने मसिमा १ प्रतिशत मात्र महसूल लिने र अखवार छाप्ने कागजमा पूरै महसूल माफी गर्ने गरी आएकोमा यी महसूल दर यथावत कायम नै राखी अखवार छाप्ने तस्वीरको ब्लक बनाउँदा प्रयोग गरिने किसिमको फ्ल्याट फिल्ममा १ प्रतिशत मात्र महसूल कायम गरेको छु ।

माथिका व्यवस्थाहरूबाट आगामी आर्थिक वर्षमा रू. ९० लाख घाटा हुने अनुमान गरेको छु ।

धनीवर्गले प्रयोग गर्ने विलासिताका सामानहरू जस्तै रेफ्रिजरेटर, एयर कण्डीसनर, डिफ्रिज, मोटरकार, टेलिभिजन, भिडियो सेट, शृङ्गारका सामानहरू आदिमा पैठारी महसूल दर केही वृद्धि गरेको छु । त्यसैगरी देशमा चालू उद्योगहरूलाई संरक्षण दिने उद्देश्य अनुरुप उनी धागो, छाला तथा कृत्रिम पदार्थबाट बनेका जुत्ताहरू र साबुनको पैठारीमा पनि केही महसूल वृद्धि गरेको छु ।

देशमा वन जङ्गलको क्षतिबाट वातावरणमा पर्न गैरहेको प्रतिकूल असर र भविष्यको लागि समेत देशको खपतलाई दृष्टिगत गरी काठ, दाउरा जस्ता वनजन्य वस्तुहरूको निकासीलाई निरूत्साहित गर्न ती वस्तुहरूको निकासी महसूलमा वृद्धि गरेको छु । त्यस्तै भू-क्षय, बाढी, पहिरो तथा जङ्गलको क्षतिबाट बचाउन खोला नालाबाट ढुङ्गा, गिट्टी र बालुवा झिकी निर्यात गर्ने प्रवृत्तिमा समेत केही नियन्त्रण गर्ने उद्देश्यले, त्यस्ता वस्तुहरूको निकासी महसूलमा समेत केही वृद्धि गरिएको छ ।

उपरोक्तबमोजिम भन्सार महसूल दरबन्दीमा गरिएको परिवर्तन अनुसार कायम हुने दर अनुसूची १, २, ३, र ४ मा समावेश छ । यसरी परिवर्तन गरेको महसूल दर आजैका मितिदेखि लागू हुनेछ र यस परिवर्तनबाट रू. ९ करोड ५० लाख थप राजस्व प्राप्त हुने अनुमान गरेको छु । भन्सार महसूलका अरू दरहरू यथावत कायमै राखेको छु ।

अन्तःशुल्कतर्फ, तल उल्लेख गरिएका वस्तुहरूमा आजैका मितिदेखि लागू हुने गरी अन्तःशुल्क दरमा परिवर्तन गर्नका साथै केही थप वस्तुहरूमा नयाँ दर निम्न बमोजिम कायम गरेको छु :

232

२८८

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. समिलबाट चिरान भएको काठमा प्रति घन फूट– रू. ३।–

२. सुर्तीबाट तयार भएको सबै प्रकारको बिडी प्रति हजार– रू. ६।–

३. स्टेन्लेस स्टीलबाट भाँडा तयार गर्दा निस्कने टुक्राटाक्रीबाट तयार गरिने चम्चा, काँटा, आदिमा प्रति किलोग्राम रू.– १०।–

४. इँटाः– (क) विद्युत् शक्ति प्रयोग गरी मेशीनबाट तयार गरेको इँटामा प्रति हजार– रू. ५।–

(ख) मेशीन प्रयोग नगरी चिम्नी भट्टाबाट बनाएकोमा समदरको हिसाबले प्रति चिम्नीको वार्षिक– रू. ४,५००।–

चिम्नी प्रयोग नगरी ठाडो अवालबाट बनाएको इँटामा अन्तःशुल्क लाग्ने छैन ।

५. फलामे छड तथा स्ट्रीप पाता प्रति किलोग्राम– रू. –।२०

६. विदेशबाट पार्टपूर्जाहरू झिकाई देशभित्र जडान गरी तयार गरिने सामानहरू मध्येः–

(क) रू. ६००।– सम्म मोल पर्ने रेडियो तथा ट्रान्जिस्टर सेटमा मोलको– ३ प्रतिशत

(ख) रू. ६००।– भन्दा बढी मोल पर्ने रेडियो तथा ट्रान्जिष्टर सेटमा मोलको– ५ प्रतिशत

(ग) टेपरेकर्डर, ट्रान्जिष्टर, टेप प्लेयर, क्यासेट रेकर्डर तथा प्लेयर जस्ता दुई वा सोभन्दा बढी प्रयोजनको काम दिने गरी बनाएको सामानहरूमा प्रति थानमा मोलको– १५ प्रतिशत

(घ) साधारण टेपरेकर्डर र क्यासेट प्लेयरमा प्रतिसेटको मोलको– १० प्रतिशत

(ङ) क्यासेट टेप– (१) ६० मिनेटसम्मको प्रति क्यासेट रू. –।५०
(२) ६१ देखि ९० मिनेटसम्मको प्रति क्यासेट– रू. –।६०

(च) सबै किसिमको घडीमा मोलको– ३ प्रतिशत

(छ) बिजुलीबाट चल्ने हिटर, हेयर-ड्रायर, टोष्टर, कूकर, क्यालकुलेटर आदिमा मोलको– २ प्रतिशत

(७) वीयर प्रति लिटर– रू. ८।५०

दुर्गम क्षेत्र र सुविधा प्राप्त क्षेत्रमा स्थापना भएका उद्योगहरूलाई समान सुविधा दिने गर्दा दुर्गम तथा सुविधा अभाव क्षेत्रका उद्योगहरूलाई मर्का परेकोले आगामी आर्थिक वर्षदेखि दुर्गम क्षेत्रमा स्थापना भएका उद्योगहरूलाई प्रचलित दरबमोजिम लाग्ने अन्तःशुल्क रकममा १० प्रतिशत छूट दिइनेछ । साथै समदरमा वार्षिक अन्तःशुल्क बुझाउने मील तथा कारखानाहरूले तोकिएको समयभित्रै आफूले बुझाउनु पर्ने पूरै रकम बुझाएमा त्यस्तो रकमको २ प्रतिशत छूट दिने व्यवस्था गरेको छु ।

विभिन्न पेयपदार्थहरू (मादक पदार्थ युक्त वा रहित), चुरोट, बिडी, खयर, कत्था, मदिरा, चामल, तेल, खांडसारी, चिरान गरिएको काठ, इँटा, स्टेन्लेस स्टीलका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भाँडा कुँडा, विद्युत् सञ्चालित सेरिङ्ग तथा बेण्डीङ्ग मेशीन प्रयोग गरी फर्निचर तयार गर्ने, रेडियो, घडी, क्यासेट तथा टेपरेकर्डर प्लेयर, क्यालकुलेटर, बिजुलीबाट चल्ने हिटर, हेयर-ड्रायर, टोष्टर, कुकर मिक्स्चरर, जुसर, क्यासेट टेप जडान गर्ने, जीप फास्नर बनाउने र हीरा कटिङ्ग गर्ने उद्योगहरूबाहेक अरू ग्रामीण तथा घरेलु उद्योगबाट तयार हुने सबै किसिमका वस्तुहरूमा आगामी वर्षदेखि अन्तःशुल्क लाग्ने छैन ।

अन्तःशुल्कमा भएको अन्य हेरफेर अनुसूची ५ मा उल्लेख गरेको छु । सो बाहेकका अन्तःशुल्क दरहरू यथावत राखेको छु । प्रस्तावित परिवर्तनबाट रू. ३ करोड ७२ लाख थप राजस्व उठ्ने अनुमान छ ।

बिक्री करतर्फ, चालू आर्थिक वर्षदेखि लागू गरिएको तीन प्रकारको दरमा कुनै परिवर्तन नगरी केही सामानहरूको प्रयोग तथा उपयोगिताको महत्व हेरी तिनमा लाग्ने बिक्रीकरको प्रतिशतमा सामान्य हेरफेर गरेको छु । सूती गोली धागो तथा रील र सूती गंजी, सवारी तथा ढुवानीका साधनहरूको पार्ट पूर्जाहरू, पान पत्ता, पान मसला आदिमा साबिकको दरमा घटाएको छु भने काठ लुब्रिकेटीङ्ग आयल, मोटर जडान भएको साइकल, स्कुटर र अटोरिक्सामा साविकको दरमा केही वृद्धि गरेको छु । ग्रामीण तथा घरेलु उद्योगबाट उत्पादित सामानहरूमध्ये बिक्रीकर दरबन्दीको अनुसूचीको दृष्टव्यमा तोकिएका बाहेक अन्य सबै किसिमको उत्पादित सामानमा बिक्रीकर नलाग्ने गरेको छु । यसबाट घरेलु तथा ग्रामीण उद्योगलाई प्रोत्साहन मिल्न जाने भै उत्पादन र रोजगारीमा समेत वृद्धि हुन जाने विश्वास लिएको छु ।

प्रस्तावित परिवर्तनबाट रू. ३ करोड ५८ लाख थप राजस्व प्राप्त हुने अनुमान छ ।

देशमा हाल नाफा कमाउने उद्देश्यले गरिने रू. १० हजारभन्दा बढीको कुनै पनि कामको ठेक्कामा ठेक अङ्कको २½ प्रतिशतका दरले ठेक्का कर लिने गरी आएकोमा यो दर २०२२ सालदेखि बिना परिवर्तन कायम नै रहिआएकोले, हालसम्मको बदलिंदो आर्थिक स्थिति तथा ठेक्का क्षेत्रमा गरेको लगानी तथा नाफाको प्रतिशतसमेतलाई ध्यानमा राखी आगामी आर्थिक वर्षदेखि ठेक अङ्कको ५ प्रतिशतका दरले ठेक्का कर लगाएको छु । प्रस्तावित परिवर्तनबाट रू. २ करोड ६५ लाख थप राजस्व प्राप्त हुने अनुमान छ ।

अब म यस सदन समक्ष प्रत्यक्ष करसम्बन्धी प्रस्ताव पेश गर्दछु ।

केही वर्ष यतादेखि बढ्दै गएको महंगीको कारणबाट सबैले भोग्नु परिरहेको आर्थिक कठिनाईबारे मैले यहाँ भनिरहनु आवश्यक छैन । निम्न तथा स्थिर आय भएका वर्गलाई जीवन धान्न निकै कठिनाई परिरहेको छ । यसै तथ्यलाई ध्यानमा राखी आय कर-तर्फ कर छूटको लागि हाल कायम रहेको सीमालाई वृद्धि गर्नु औचित्यपूर्णसमेत हुने देखिएकोले आगामी आर्थिक वर्षदेखि व्यक्तिको आयमा रू. १० हजार र दम्पति र परिवारको आयमा रू. १५ हजारसम्म छूट दिने व्यवस्था गरेको छु । त्यसपछिको आयमा लाग्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आय करको दर यथावत् कायम राखेको छ । प्रस्तावित परिवर्तनबाट राजस्वमा रू. १६ लाख कम हुने अनुमान छ ।

आयकर तिर्नु पर्ने उत्तरदायित्व भएका व्यक्ति, औद्योगिक तथा व्यापारिक इकाईहरू सबैले आ-आफ्नो कारोवारको हरहिसाब रीतपूर्वक राख्नु पर्ने कुरा सिद्धान्ततः सबैले मानिआएकै हो । तर कर प्रयोजनको लागि यस्तो हिसाब खाता नराख्ने, नदेखाउने गरेबाट त्यस्ता करदाताहरूको कर निर्धारण गर्न व्यावहारिक कठिनाई पारेरहेको छ । कारोवारको हरहिसाबको आधार बिना कर निर्धारण गर्ने गर्दा एकातिर करदाताहरूले कर बढी लगाएको गुनासो गर्ने स्थिति रहन्छ भने अर्कोतिर वास्तवमा लाग्नु पर्ने करभन्दा कम कर निर्धारण भै राजस्वको चुहावट हुन सक्ने स्थिति रहन जाने हुन्छ । तसर्थ आगामी वर्षदेखि करदाताहरूलाई कारोवारको हरहिसाब राख्न प्रोत्साहित गर्न हरहिसाबको आधारमा कर निर्धारण गराउनेलाई लाग्ने आयकर रकमको २ प्रतिशत छूट दिने व्यवस्था गरेको छु । प्रस्तावित परिवर्तनबाट रू. ४ लाख कम हुन जाने अनुमान छ ।

शहरी क्षेत्रको घर जग्गाको मोल, जनसंख्याको चापले गर्दा समेत प्रति वर्ष जस्तै अप्रत्याशीत रूपले वृद्धि भैरहेको कुरा सबैले महसूस गरेकै हो । त्यस्तै निर्माणका सामग्रीहरूको मूल्यमा पनि वृद्धि भैरहेको सन्दर्भमा नेपाली जनताले न्यूनतम बासको सुविधा पाउन पर्ने कुरामा दुईमत हुनेछैन । यही नै तथ्यलाई ध्यानमा राखी आगामी आर्थिक वर्षदेखि घर जग्गा करको दरमा निम्नबमोजिम केही हेरफेर गरेको छु । यस व्यवस्थाबाट घरधनी आफैले प्रयोग गरेको घरमा केही सहूलियत मिल्ने हुन्छ भने अन्य किसिमले प्रयोग भएको घर जग्गामा भने करको भार केही बढी पर्ने हुन्छ ।

| | घर जग्गाको मोल | लाग्ने कर प्रतिशत |
|---|---|---|
| छूटको सीमा | रू.१,००,०००, मा | नलाग्ने |
| त्यसपछिको | रू. १,००,०००, मा | १.० |
| त्यसपछिको | रू. १,००,००० मा | १.५ |
| त्यसपछिको | रू. १,००,००० मा | २.५ |
| त्यस पछिको जति सुकैमा | | ३.५ |

तर घरधनी आफैले बसोबास गरेको घर जग्गाहरू कर प्रयोजनको लागि मूल्याङ्कन गर्दा माथि छूटको सीमाबमोजिम पाउने रू. १ लाखको अलावा अर्को रू. १ लाखसम्म थप छूट पाउने व्यवस्था गरेको छु । प्रस्तावित दरको परिवर्तनबाट रू. २१ लाख थप राजस्व प्राप्त हुने अनुमान छ ।

मालपोततर्फ, अधिराज्यका साना जग्गावालाहरूलाई लाग्ने मालपोतमा ७५ प्रतिशत छूट दिई केवल २५ प्रतिशत मात्र लिने व्यवस्था गरेको कुरा माननीय सदस्यहरूलाई विदितै छ। तराईतर्फ डेढ विगाहा, पहाडतर्फ २० रोपनीसम्म हुने साना जग्गावालालाई र नापी नभएका पहाडी जिल्लाका सबै जग्गावालालाई मालपोतमा पूरै

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छूट दिनेतर्फ श्री ५ को सरकारले बिचार गरेको हो । तर हाम्रो देशमा जग्गाको हक बेहक कायम गर्दा मालपोत तिरेको रसीदलाई नै आधार मान्ने प्रचलित नियम कानूनमा व्यवस्था भैरहेको र मालपोत तिरेको रसीदलाई नै जग्गामा आफ्नो स्वामित्व कायम हुने मुख्य प्रमाणको रूपमा लिने सर्वसाधारण जनताको परम्परागत धारणा रहेको तथा जग्गाको लगत समेत कायम राख्नु पर्ने जस्ता कारणहरूले नाम मात्रको भए पनि मालपोत लिनु पर्ने स्थिति रहन आएको छ । तसर्थ आगामी वर्षदेखि तराईतर्फ डेढ बिगाहा, पहाडतर्फ २० रोपनीसम्म जग्गा हुने साना जग्गावाला र नापी नभएको पहाडी जिल्लाका सबै जग्गावालाको निम्ति न्यूनतम मालपोत दर तोक्ने हेतुले हालको दरमा ९९ प्रतिशत नै छुट गरी सिर्फ १ प्रतिशत मात्र मालपोत लिने गरी अनुसूचीमा उल्लेख भए अनुसार विशेष दर तोक्ने प्रस्ताव गरेको छु । यसरी विशेष दर तोक्दा देशमा प्रचलित खुद्रा मुद्राको इकाईहरूलाई समेत ध्यानमा राखी न्यूनतम क्षेत्रफलको इकाईमा ५ पैसासम्म मालपोत लाग्ने व्यवस्था गरेको छु । यस व्यवस्थाबाट साना किसानहरूलाई विशेष फाइदा हुन जानेछ । यसबाट राजस्वमा रू. ५० लाख कमी हुन जाने अनुमान छ ।

देशमा हाल खेती हुने जग्गालाई मात्र ध्यानमा राखी मालपोतको दर तोकिएको हुँदा खेतीबाहेक अन्य प्रयोगमा लगाएको जग्गामा पनि खेती हुने जग्गा सरह मालपोत लाग्ने गरेको व्यहोरा सबैमा विदितै छ । खेती हुने जग्गाभन्दा व्यापारिक, आवासीय तथा विभिन्न सुविधायुक्त जग्गाको करको दरमा भिन्नता हुनुपर्ने औचित्यमाथि कसैको दुई मत हुनेछैन । नगर पञ्चायत क्षेत्रको जग्गाको ठाउँ अनुसारको महत्व हेरी वर्गीकरण गर्ने जग्गा (नाप जाँच) ऐनको व्यवस्था अनुरूप केही ठाउँको नापी पनि भैसकेको हुँदा त्यस क्षेत्रमा लागू हुने गरी नगर पञ्चायत क्षेत्रको छुट्टै भूमिकरको दर अनुसूचीमा तोकिएबमोजिम आगामी वर्षदेखि लागू गर्ने व्यवस्था गरेको छु । विभिन्न नगर पञ्चायत क्षेत्रको जग्गाको महत्व फरक हुने भएकोले काठमाडौं उपत्यका, पहाड र तराई क्षेत्रका नगर पञ्चायत क्षेत्रहरूमा लाग्ने भूमिकरको दर पनि बेग्ला बेग्लै हुने गरी अनुसूचीमा खुलाएको छु । साथै, वर्गीकरण गरी नसकिएका नगर पञ्चायत क्षेत्रहरूको जग्गामा (च) वर्गको लागि कायम गरेको दर अनुसार नै भूमिकर असूल गरिने व्यवस्था मिलाएको छु । यसबाट रू. ५० लाख थप राजस्व आउने अनुमान छ ।

घर जग्गा बेचबिखन सम्बन्धी लगत खेस्ता अद्यावधिक राख्ने उद्देश्य अनुरुप जुन जिल्लाको घर जग्गा हो सो जिल्लामा रजिष्ट्रेशन पास नगरी अन्य जिल्लामा गै पास गर्ने प्रवृत्तिलाई हतोत्साह गर्न चालू वर्षमा १ प्रतिशत थप दस्तूर लिने गरेकोमा, त्यसबाट पनि उक्त उद्देश्य पूर्ति हुन नसकेकोले, आगामी वर्ष यो दस्तूरलाई वृद्धि गरी ५ प्रतिशत गरेको छु । यसबाट घर जग्गासम्बन्धी लगत अद्यावधिक एवं व्यवस्थित तुल्याउन मद्दत मिल्नका साथै राजस्वमा पनि रू. ३० लाख वृद्धि हुन जाने अनुमान छ । मालपोतको अरू दरहरू र रजिष्ट्रेशनको दस्तूरहरूसमेत यथावत कायम गरेको छु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थानीय विकास कार्यको लागि थप आर्थिक साधन परिचालन गर्ने उद्देश्यले जुन जिल्लाबाट जति रकम उठेको छ सो रकम सोही जिल्लाको सार्वजनिक हितको विकास कार्यमा खर्च गर्ने गरी स्थानीय विकास मन्त्रालयमार्फत निकासा दिने गरेको व्यहोरा माननीय सदस्यहरूलाई अवगत भएकै कुरा हो। चालू वर्षमा यस कार्यमा जन-साधारणबाट देखाएको अभिरूची तथा सहभागिता ज्यादै उत्साहवर्द्धक छ। त्यसैले स्थानीय विकास जस्तो सार्वजनिक कार्यमा बढी साधन परिचालन गर्ने उद्देश्यले उठाइने स्थानीय विकास शुल्क आगामी आर्थिक वर्षमा मालपोतको १० प्रतिशतका दरले उठाइनेछ र नापी नसकिएको जिल्लामा साबिकसरह प्रति जग्गावालासंग रू. १।– का दरले उठाउने व्यवस्था गरेको छु। साथै यसरी उठाइने रकम सम्बन्धित जिल्लाको माल तथा मालपोत कार्यालयमा छुट्टै खातामा जम्मा गरी सम्बन्धित जिल्ला पञ्चायतलाई जिल्ला स्तरबाट नै बुझाइने व्यवस्था गरिनेछ।

हाम्रो देशको लागि विदेशी विनिमय आर्जन गर्ने स्रोतको रूपमा पर्यटन उद्योग पनि ज्यादै महत्वपूर्ण भएको र पर्यटकहरूको बसाइँ लामो गराउन सकेमा देशलाई फाइदा हुने हुँदा पर्यटकहरूको भिसामा लागेको साबिकको दस्तूरलाई घटाई पहिलो महीनाको लागि प्रति हप्ता रू. ७५।– र दोस्रो महीनामा प्रति हप्ता रू. १५०।– मात्र कायम गरेको छु।

यसबाहेक अरु कर तथा गैह्र कर दस्तुरहरू साबिक सरह नै कायम राखेको छु।

माथि उल्लेख गरिएको कर प्रस्तावहरूबाट कुल रू. १९ करोड ७५ लाख प्राप्त हुने अनुमान छ। त्यसैगरी राजस्व प्रशासन सुदृढीकरण तथा सुधारबाट रू. १८ करोड ३२ लाख प्राप्त हुने अनुमान भएकोले अब खुद न्यून हुन आउने रू. ८२ करोड ५१ लाख मध्ये रू. ५० करोड आन्तरिक ऋणबाट र बाँकी रू. ३२ करोड ५१ लाख नगद मौज्दातबाट व्यहोरिनेछ।

मेरो विचारमा यस परिमाणको न्यून विल परिचालनले अर्थ व्यवस्थामा नराम्रो असर पार्दैन। अहिलेसम्मको मौसमको अनुकूलता र हाम्रो विकास प्रति कटिबद्धता, खासगरी कार्यक्रमहरूलाई अभियानको रूपमा सञ्चालन गर्ने अठोटले आगामी वर्षमा कृषि उत्पादन र औद्योगिक उत्पादनमा उल्लेखनीय वृद्धि हुने विश्वास लिएको छु। यसको अतिरिक्त आर्थिक व्यवस्थापनलाई सुदृढ गर्न आगामी वर्षदेखि खर्चको निकासा, लेखा-परीक्षण आदि कार्यलाई विकेन्द्रीकरण गर्नुको साथै आयोजनाहरूको प्रभावकारी कार्यान्वयनको निम्ति विशेष रूपले पूंजीगत तथा उत्पादन कार्यको निम्ति चाहिने रकमको व्यवस्था गरेको छु। अनुत्पादक खर्चलाई नियन्त्रित तथा कटौती गर्ने प्रयत्न गरिएको छ। यसरी आर्थिक अनुशासन ल्याउनेतर्फ विशेष ध्यान दिएको छु। यसको साथै केही मौद्रिक नीति पनि अपनाइनेछ। जस अनुसार बैंकिङ्ग क्षेत्रबाट अनुत्पादक कार्यहरूमा जाने कर्जाको प्रवाहमा कडाइको साथ नियन्त्रण गर्ने नीति अवलम्बन गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चालू वर्षको बजेट पेश गर्दा मैले यस सदनमा स्थिर आय भएका कर्मचारीहरूलाई महंगीको कारणले जीवन धान्न मुश्किल परेको व्यहोरा अवगत गराई केही सहूलियतहरू प्रदान गरेको थिएँ । यसै क्रममा आगामी आर्थिक वर्षदेखि लागू हुने गरी निम्नबमोजिमका सहूलियतहरू उपलब्ध गराउने व्यवस्था गरेको छु ।

निजामती, प्रहरी र जङ्गीतर्फका कर्मचारीहरूको निम्ति खाइपाई आएको मासिक शुरु तलबमा पिउन र राजपत्र अनङ्कितहका सम्पूर्ण कर्मचारीहरूलाई रू. १००।–, राजपत्राङ्कित तहमध्ये तृतीय र द्वितीय श्रेणीलाई रू. १५०।– र त्यसभन्दा माथिका सबै तहलाई रू. २००।– थप गर्ने व्यवस्था गरेको छु । यस वृद्धिबाट सबभन्दा तल्लो तहमा ६६.६ प्रतिशत, शाखा अधिकृत तहमा २५ प्रतिशत र विशिष्ट श्रेणी तहमा १२.३ प्रतिशतसम्मको वृद्धि हुनेछ । यसबाट रू. १५ करोड थप आर्थिक दायित्व पर्ने अनुमान गरिएको छ । स्थिर एवं निम्न आय भएका कर्मचारीहरूलाई परिरहेको कठिनाइलाई महसूस गरी तलब वृद्धि गरिएको व्यहोरा माननीय सदस्यहरूलाई जानकारी दिन चाहन्छु ।

साथै कर्मचारीहरूलाई निम्नबमोजिम अरू सुविधाहरूको पनि व्यवस्था गरेको छु ।

अहिलेको व्यवस्था अनुसार स्थिर रूपमा प्राप्त हुने निवृत्तिभरणलाई तलब वृद्धिको अनुपातमा क्रमशः वृद्धि हुँदै जाने व्यवस्था गरिएको छ । यस व्यवस्थाबाट हाल कर्मचारीहरू अवकाश प्राप्त गर्दाको तलबको प्रतिशतको आधारमा थप निवृत्तिभरण पाउने हुन जान्छ । उपदानको रकम पनि केही वृद्धि गरिएको छ । निवृत्तिभरणको हद रकम रू. ७५०।– बाट वृद्धि भई रू. ९१२।५० पुग्न गएको छ । अबदेखि निवृत्तिभरणको न्यूनतम अङ्क मासिक रू. ४२ बाट रू. ५५ कायम गरिएको छ । साथै निवृत्तिभरण पाइरहेका कुनै व्यक्तिको मृत्यु भएमा निजको विधवा श्रीमतीले १० वर्षसम्म आधा निवृत्तिभरण पाउने व्यवस्था पनि गरिएको छ ।

कर्मचारीहरूले आन्तरिक भ्रमण गर्दा दैनिक भ्रमण भत्ताको दरमा पनि समयानुकूल वृद्धि गर्दै जानु आवश्यक भएकोले माथिल्लो तहदेखि तल्लो तहसम्म क्रमशः ३६ प्रतिशतदेखि ६० प्रतिशतसम्म वृद्धि गरिएको छ । विदेश भ्रमणमा पनि सबैलाई बराबर हुने गरी केही रकम थप गरिएको छ ।

कर्मचारीहरूले पाउने औषधी उपचार खर्च राजपत्राङ्कित कर्मचारीलाई ९ महीना, राजपत्र अनङ्कित प्रथम श्रेणीलाई १५ महीना र अन्य राजपत्र अनङ्कित कर्मचारीलाई १८ महीना बराबरको तलब पाउने गरी तोकिएकोमा अबदेखि क्रमशः १२ महीना, १८ महीना र २१ महीना बराबरको तलब पाउने व्यवस्था भएको छ ।

अन्तर्राष्ट्रिय मूल्य वृद्धिको अवस्थामा विदेशस्थित हाम्रा नियोगहरूमा काम गर्ने राजदूतलगायत अन्य कर्मचारीहरूलाई परेको कठिनाइ महसूस गरी वैदेशिक भत्ता वृद्धि गरिएको छ । निम्नस्तरको कर्मचारीको भत्तामा १२१.७३ प्रतिशतसम्म वृद्धि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको छ । यस्तै स्थानीय कर्मचारीहरूको तलबमा पनि बढीमा ६८ प्रतिशतसम्म वृद्धि गरिएको छ । यी सबै सुविधाहरूको निमित्त वार्षिक रू. २ करोड जति थप आर्थिक दायित्व पर्ने कुरा अवगत गराएको छु ।

यसरी कर्मचारीहरूको कठिनाइलाई ध्यानमा राखी आवश्यक सुविधाहरू जस्तो तलब, भत्ता, दैनिक भ्रमण भत्ता, निवृत्तिभरण, उपदान र वैदेशिक भत्ता सम्बन्धमा गहिरिएर अध्ययन गरी श्री ५ को सरकारमा सुझावहरू पेश गर्न पे-कमिशन गठन गर्ने व्यवस्था पनि गरेको छु ।

# ५

अध्यक्ष महोदय,

संक्षेपमा मैले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०३८।३९ को आय व्यय विवरणका प्रमुख बूँदाहरू यस प्रकार छन्:

(१) चालू आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा आगामी वर्ष श्री ५ को सरकारको कुल खर्च रू. २ अरब ९२ करोड ६९ लाख अर्थात् ७० प्रतिशतले बढाएर रू. ७ अरब ११ करोड ३२ लाख हुने प्रस्ताव गरिएको छ ।

(२) चालू आर्थिक वर्षको तुलनामा आगामी वर्ष श्री ५ को सरकारको विकास खर्च रू. २ अरब ५७ करोड ३८ लाख अर्थात् ९३ प्रतिशत बढाएर रू. ५ अरब ३३ करोड ३७ लाख पुऱ्याउने प्रस्ताव गरिएको छ ।

(३) आगामी वर्ष श्री ५ को सरकारको राजस्व रू. ६७ करोड ३९ लाख अर्थात् २८ प्रतिशतले बढाएर रू. ३ अरब १० करोड पुऱ्याउने प्रस्ताव गरेको छु ।

(४) आगामी वर्षको कुल विकास खर्च रू. ५ अरब ३३ करोड ३७ लाखमध्ये रू. ३ अरब १८ करोड ८१ लाख अर्थात् ५९.८ प्रतिशत विदेशी सहायताबाट र रू. २ अरब १४ करोड ५६ लाख अर्थात् ४०.२ प्रतिशत अन्तरिक स्रोतबाट व्यहोरिने व्यवस्था गरिएको छ ।

(५) यस बजेटले देशमा विद्यमान आर्थिक तथा सामाजिक पूर्वाधारहरूको अधिकतम उपयोग गरी उत्पादनशील क्षेत्रतर्फको लगानीमा जोड दिएको छ । कृषि तथा सिंचाइमा रू. १ अरब २० करोड ७६ लाख र उद्योग तथा खानीमा रू. ६१ करोड ३ लाख लगानी गरिने कार्यक्रम छ ।

(६) खाने पानी, स्कूलको छानाहरू, स्वास्थ्य जस्ता आधारभूत आवश्यकताको आपूर्ति बढाउने तथा नियमित गर्ने कामलाई आगामी वर्ष प्राथमिकता प्रदान गरेको छु । यी सेवाहरूको निम्ति रू. ४८ करोड ७१ लाख व्यवस्था गरिएको छ जुन यस वर्षको तुलनामा ५३ प्रतिशतले बढी छ ।

(७) राजस्व प्रशासन सुदृढ गरी सरकारी राजस्व सङ्कलनको दर बढाउने नीति लिइएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) विकास कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न तथा समयमा पूरा गर्न आर्थिक विकेन्द्रीकरणको व्यवस्था गरिएको छ ।

(९) जनआकांक्षा अनुकूलका आयोजनाहरू स्थानीय पञ्चायत इकाईहरू जनसहभागीताको माध्यमबाट पूरा गराउने विशेष व्यवस्था गरिएको छ ।

(१०) कर्मचारीवर्गको आर्थिक कठिनाईलाई ध्यानमा राखी तलब स्केलमा वृद्धि गर्नुका साथै विभिन्न सहूलियतहरू बढाउन प्रस्ताव गरिएको छ ।

(११) दैनिक उपभोग्य वस्तुहरूको नियमित आपूर्ति र मूल्य वृद्धिलाई नियन्त्रण गर्न विभिन्न वित्तीय उपायहरूको अवलम्बन गरिएको छ ।

(१२) साना किसानहरूलाई सहूलियत प्रदान गर्न तराईतर्फ १½ विगाहा र पहाडतर्फ २० रोपनी जग्गासम्ममा लाग्ने मालपोतमा ९६ प्रतिशतसम्म छुट गरिएको छ । भाखा नाघेको कृषि ऋण बुझाउने म्याद वैशाख २०३६ सम्म बढाइनुका साथै जरीवाना मिनाहा गरिएको छ । यसरी भाखा नाघेको ऋण रकम किस्ताबन्दीमा बुझाउने व्यवस्था मिलाइएको छ ।

(१३) प्राथमिकता प्राप्त उत्पादनशील क्षेत्रमा वाणिज्य बैङ्कहरूबाट गरिने कर्जाको प्रवाह उल्लेखनीय रूपमा बढाउने उपाय गरिएको छ ।

(१४) संस्थानहरूलाई सुदृढीकरण गर्नेतर्फ आवश्यक व्यवस्था गरिएको छ ।

(१५) वैदेशिक व्यापार घाटालाई घटाउँदै लैजाने उपायहरूको अवलम्बन गरेको छु ।

मैले माथि प्रस्ताव गरेका कदमहरू सुदृढ तथा स्वावलम्बी अर्थ व्यवस्थाको आर्थिक लक्ष्य हासिल गर्ने दिशातिर उन्मुख छन् । यो लक्ष्य प्राप्तिको लागि विद्यमान व्यापार, राजस्व तथा अन्य आर्थिक क्षेत्रमा देखा परेका आर्थिक तथा सामाजिक विकृतीहरूलाई हटाउन श्री ५ को सरकार कटिबद्ध छ । यस्तै गरी विकासका आयोजनाहरूको सफल कार्यान्वयन गर्न आइपरेका अवरोधहरू र आर्थिक अनुशासनहीनतालाई हटाउन श्री ५ को सरकार दृढ रहेको कुरा पनि माननीय सदस्यहरूलाई अवगत गराउन चाहन्छु ।

मैले आज यस गरिमामय सदनमा प्रस्तुत गरेको आय व्यय विवरण देशको वर्तमान हाँकलाई स्वीकार गरी चालू आर्थिक वर्षमा देशले हासिल गरेका उपलब्धिहरूको आधारमा बढ्दो जनआकांक्षालाई पूरा गर्दै जनउत्साहलाई, विकासको दिशातर्फ उन्मुख गराउने उद्देश्यले प्रेरित छ । पञ्चायत व्यवस्थाले प्राप्त गरेको व्यापक जनसमर्थन र त्यसको फलस्वरूप आएको आजको राजनैतिक परिपक्वताको पृष्ठभूमिमा जनजीवनलाई प्रभावित गर्न सक्ने किसिमको आर्थिक परिवर्तन ल्याउने उद्देश्यले देशको अर्थ व्यवस्थालाई बढी जनमुखी गराउने मैले प्रयास गरेको छु ।

विश्व अर्थ व्यवस्थातर्फ विकसित मुलुकहरू समेत विगत वर्षहरूमा भएको इन्धनको चर्को मूल्य वृद्धिले ल्याएको समस्या र कठिनाईबाट उम्कन सकेका छैनन् । यस

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समस्याको समाधानतर्फ उठाइएका कदमको फलस्वरूप विश्व अर्थ व्यवस्थामा आर्थिक मन्दी देखा पर्न थालेको छ । यसले गर्दा एकातिर विकासोन्मुख मुलुकहरूको निर्यातमा प्रतिकूल प्रभाव परेको छ भने अर्कोतिर विकसित मुलुकहरू विकासोन्मुख मुलुकहरूलाई बढ्दो मात्रामा सहयोग जुटाउन असमर्थता प्रकट गर्दैछन् । अन्तर्राष्ट्रिय बहुपक्षीय संस्थाहरूको सहायता दिने क्षमतालाई पनि यसले प्रतिकूल प्रभाव पारेको छ । यस सन्दर्भमा पनि हामीले आगामी वर्षहरूमा आन्तरिक साधनको परिचालन गरी विकासको गतिलाई तीव्र गर्नु परेको छ ।

मैले प्रस्तुत गरेको आगामी वर्षको बजेटमा स्थानीय विकासमा जनसहभागिता बढाउने विषयमा प्रशस्त जोड दिएको छु । एकातिर देशका ठूला आयोजनाहरू राष्ट्रिय स्तरमा पूरा गर्न आगामी वर्ष विकास खर्चमा पर्याप्त वृद्धि गरिएको छ भने अर्कोतिर जनस्तरमा सञ्चालन गरिने स्थानीय विकासका आयोजनाहरूको लागि पनि उल्लेखनीय रूपले बढी रकम छुट्याएको छु । स्थानीय विकास आयोजनाहरूको छनौट र कार्यान्वयन गर्न सम्बन्धित स्थानका जनप्रतिनिधिहरू नै बढी सक्षम हुने भएकोले जनसहभागिताको आधारमा त्यस्ता आयोजनाहरूको सफल कार्यान्वयनबाट विकासको प्रत्यक्ष असर जनसाधारणले अनुभव गर्ने भएकोले विकास कार्यक्रमहरूप्रति सबैको अभिरूचि बढ्दै जाने निश्चित छ । यस्ता कार्यक्रमहरूको फलस्वरूप जनसहभागितालाई अझै बढाउनमा सहयोग मिल्ने भएकोले त्यस्ता आयोजनाहरुको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नेतर्फ हामी सबैले विशेष रूपले सचेष्ट हुनु पर्ने देखिन्छ ।

श्री ५ महाराजाधिराज सरकारबाट विगत आषाढ १० गते २०३८ सालमा राष्ट्रिय पञ्चायतको अधिवेशनलाई सम्बोधन गरिबक्सँदै हुकुम भएको कुरातर्फ म माननीय सदस्यहरूको ध्यान आकर्षित गर्न चाहन्छु "राजनैतिक दृष्टिबाट अब नेपाली समाजले स्पष्ट दिशाबोध गरिसकेकोले आर्थिक तथा विकाससम्बन्धी कार्यक्रमहरू एकाग्रता र दृढताकासाथ कार्यान्वयन गर्ने बेला आएको छ" । हामीले समयको हाँकलाई स्वीकार गरी नेपाली जनताका न्यूनतम आवश्यकताहरूको परिपूर्तिको लागि उपलब्ध साधन र स्रोतहरूको अधिकतम उपयोग गर्न सक्षम हुनेछौं । तर यो कार्य जनसहभागितामा नै भर पर्ने भएकोले स्थानीय पञ्चायतहरूले चाहिंदा मात्रामा सहभाग जुटाउने प्रयास गर्नुपर्ने तथ्यलाई पनि नओल्याइ रहन सकिदैन । देश विकास सबैको साझा प्रयासबाट मात्र सम्भव हुन सक्दछ ।

द्रुततर विकासको निम्ति आज देशमा आवश्यक न्यूनतम पूर्वाधार तयार हुनसकेको छ । अब हामीले उपलब्ध आधारशिलाहरूबाट प्रत्यक्ष रूपमा उत्पादन बढाउने कार्यक्रमहरूमा ध्यान केन्द्रित गर्नु परेको छ । आज तीव्ररूपले क्षय हुँदै गएको जमीनको उर्वराशक्ति बढाउने, खाद्यान्न अभावको क्षेत्रमा खाद्यान्न उत्पादन बढाउने, देशको श्रम शक्तिलाई अधिकतम परिचालन गर्ने, गैर कृषि क्षेत्रको अधिकतम विकास गर्ने जस्ता कार्य-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्रमहरूले प्राथमिकता पाउनु पर्ने देखिन्छ । यद्यपि हाम्रा विकासका समस्याहरू आज जटील तथा चुनौतीपूर्ण छन् तापनि यी समस्याहरूको समाधान हामी सबैको दृढ संकल्पमा नै निर्भर गर्दछ । सबै एक जूट भई लागेमा हामी लक्ष्यतर्फ अघि बढ्न र अन्ततोगत्वा पञ्चायत व्यवस्थाको आर्थिक लक्ष्य हासिल गर्न पछि पर्ने छैनौं भन्ने कुरामा म विश्वस्त छु ।

अब हाम्रासमक्ष कुनै राजनैतिक व्यवधान छैनन् । श्री ५ महाराजाधिराज सरकारको सबल र सक्रिय नेतृत्वमा निश्चिन्ततापूर्वक विकासको अभियानमा अझ द्रुत गतिले अघि बढ्नु परेको छ । आज पञ्चायती व्यवस्था बढी जनमुखी हुन गएकोले जन-सहभागिता जुटाउने कार्य सुगम हुन आएको छ । जन-आकाँक्षाको परिपूर्ति गर्न प्रशासनिक ढीला सुस्ती निर्मूल गर्नु आज बढी आवश्यकता देखिन आएको छ । आयोजनाहरूको तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन प्रक्रियाहरूमा सुधार गरेर विकासको प्रक्रियालाई गति प्रदान गर्न सकिन्छ भन्ने मेरो धारणा छ । यस कार्यमा अब जनता पर्खेर बस्ने अवस्थामा छैनन् । आर्थिक सुधार ल्याउन र न्यूनतम आवश्यकताको परिपूर्ति गर्न आम चुनाव पछि उपयुक्त वातावरण सिर्जना हुन गएको छ । मैले आज प्रस्तुत गरेको बजेटले यिनै कुराहरू-लाई इंगित गर्दछ । वर्तमान सरकारप्रति जनताको ठूलो आस्था रहेको र जनआकाँक्षा-लाई साकार तुल्याउन म आज सबैको सक्रिय सहयोगको अपेक्षा गर्दछु ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आय व्ययको संक्षिप्त विवरण

रू. हजारमा

| २०३६।३७ को यथार्थ | विवरण | २०३७।३८ को संशोधित अनुमान | २०३८।३९ को अनुमान |
|---|---|---|---|
| ३,४७,०६,७१ | कुल खर्च | ४,१८,६३,५२ | ७,११,३२,१४ |
| १,१६,२०,५७ | साधारणतर्फ | १,४२,६४,०० | १,७७,९४,७७ |
| २,३०,८६,१४ | विकासतर्फ | २,७५,९९,५२ | ५,३३,३७,३७ |
| | खर्च व्यहोर्ने स्रोतहरू | | |
| १,८८,००,०० | राजस्वबाट | २,४२,६१,०० | ३,१०,००,०० |
| | आयको वर्तमान स्रोतबाट | | २,७१,९३,२६ |
| | कर परिवर्तन र राजस्व प्रशासनमा सुधारबाट | | ३८,०६,७४ |
| ८०,५६,४२ | विदेशी सहायता | ८५,५५,३० | १,४०,०३,६८ |
| ६९,६८,४७ | द्विपक्षीय | ६९,२४,७२ | १,०८,७६,८६ |
| [illegible]०,८७,९५ | बहुपक्षीय | १६,३०,५८ | ३१,२६,८२ |
| −७८,५०,२९ | बचत (+) वा न्यून (−) | −९०,४७,२२ | −२,६१,२८,४६ |
| | न्यून पूर्ति गर्ने स्रोतहरू | | |
| ५३,४९,०५ | विदेशी ऋण | ६५,४७,२२ | १,७८,७७,५३ |
| १४,९६,०६ | द्विपक्षीय | १६,६०,१६ | २०,६८,०० |
| ३८,५२,९९ | बहुपक्षीय | ४८,८७,०६ | १,५८,०९,५३ |
| १८,००,०० | आन्तरिक ऋण | २५,००,०० | ५०,००,०० |
| ७,०१,२४ | नगद मौज्दात (बचत−) | × | ३२,५०,९३ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## राजस्व अनुमान
## २०३८।३९

रु. हजारमा

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तन र राजस्व प्रशासनमा सुधारबाट | जम्मा |
|---|---|---|---|---|---|
| | कुल जम्मा | | २,७१,९३,२६ | ३८,०६,७४ | ३,१०,०[illegible] |
| १.१.१.० | भन्सार महसूल | | ९१,७०,२८ | १६,२५,०० | १,०७,९५,२८ |
| १.१.१.१ | | पैठारीबाट | ७७,४१,२८ | ११,४६,०० | ८८,८७,२८ |
| १.१.१.२ | | निकासीबाट | ६,८७,०० | ४,७९,०० | ११,६६,०० |
| १.१.१.३ | | भारतीय अन्तःशुल्क फिर्ता | ७,१७,०० | × | ७,१७,०० |
| १.१.१.४ | | भन्सारको अन्य आय | २५,०० | × | २५,०० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर | | ९३,७५,३० | १६,१९,५० | १,०९,९४,८० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | २५,७०,४० | ४,७१,०० | ३०,४१,४० |
| १.१.२.२ | | मद्‌भट्टी ठेक्का रकम | २६,४० | × | २६,४० |
| १.१.२.३ | | बिक्री कर | ५९,६०,०० | ६,५८,५० | ६६,१८,५० |
| १.१.२.४ | | मनोरञ्जन कर | १,३१,०० | ५०,०० | १,८१[illegible] |
| १.१.२.६ | | होटेल कर | १,८७,०० | ७५,०० | २,६२[illegible] |
| १.१.२.७ | | हवाई उडान कर | २,१४,५० | १,००,०० | ३,१४,५० |
| १.१.२.८ | | ठेक्का कर | २,८६,०० | २,६५,०० | ५,५१,०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | १७,८३,७० | १,११,२४ | १८,९४,९४ |
| १.१.३.१ | | माल तथा मालपोत कार्यालयबाट उठाइने | ९,१६,७० | ८०,०० | ९,९६,७० |
| १.१.३.२ | | पञ्चायत विकास तथा जग्गा कर (बक्यौता) | २०,०० | × | २०,०० |
| १.१.३.३ | | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ८,४७,०० | ३१,२४ | ८,७८,२४ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २०४

रू. हजारमा

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तन र राजस्व प्रशासनमा सुधारबाट | जम्मा |
|---|---|---|---|---|---|
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | १८,५८,६६ | ४,५१,०० | २३,०९,६६ |
| १.१.४.१ | | आयकर-सरकारी क्षेत्र | ३,२७,१५ | २५,०० | ३,५२,१५ |
| .४.२ | | आयकर-अर्ध सरकारी क्षेत्र | १,००,९७ | १०,०० | १,१०,९७ |
| १.१.४.३ | | आय कर-सार्वजनिक क्षेत्र | २४,१८ | २,५० | २६,६८ |
| १.१.४.४ | | आयकर-निजी क्षेत्र | ११,३६,६४ | २,६४,०० | १४,००,६४ |
| १.१.४.५ | | आय कर-पारिश्रमिक | ७५,०० | ३,५० | ७८,५० |
| १.१.४.७ | | शहरी क्षेत्र घर जग्गा कर | १,०५,०० | १,४६,०० | २,५१,०० |
| १.१.४.८ | | सवारी साधन कर | २३,०० | × | २३,०० |
| १.१.४.९ | (क) | ब्याजकर | ६६,७२ | × | ६६,७२ |
| १.१.५.० | दस्तुर, दण्ड जरीवाना र जफत | | ५,२९,१२ | × | ५,२९,१२ |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तुर | २५,८३ | × | २५,८३ |
| १.१.५.२ | | एजेन्सी रजिष्ट्रेशन दस्तुर | १,२३ | × | १,२३ |
| १.१.५.३ | | बन्दूक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | ४,९५ | × | ४,९५ |
| १.१.५.४ | | सवारी इजाजत दस्तुर | २९,४६ | × | २९,४६ |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरीवाना तथा जफत | ८३,४६ | × | ८३,४६ |
| .५.६ | | प्रशासनिक दस्तुर, दण्ड जरीवाना तथा जफत | ३,८४,१९ | × | ३,८४,१९ |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आय | | २०,७०,४३ | × | २०,७०,४३ |
| १.१.६.१ | | पिउने पानी महसूल | ७,६८ | × | ७,६८ |
| १.१.६.२ | | पानीपोत | ११,०० | × | ११,०० |
| १.१.६.३ | | विद्युत महसूल | ७८,८८ | × | ७८,८८ |
| १.१.६.४ | | हुलाक सेवा | २,२८,५३ | × | २,२८,५३ |
| १.१.६.५. | | खाद्य कृषि क्षेत्रको आय | ६६,०३ | × | ६६,०३ |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | ४१,५४ | × | ४१,५४ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. हजारमा

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तन र राजस्व प्रशासनमा सुधारबाट | जम्मा |
|---|---|---|---|---|---|
| १.१.६.७ | | वन क्षेत्रको आय | १०,२४,०० | × | १०,२४,०० |
| १.१.६.८ | | यातायात क्षेत्रको आय | २,७२,७७ | × | २,७२,७७ |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | ३,४०,०० | × | ३,४०,[illegible] |
| १.१.७.० | लाभाँश | | ११,३०,९४ | × | ११,३०,९४ |
| १.१.७.१ | | वित्तीय संस्था | ११,२०,०० | × | ११,२०,०० |
| १.१.७.२ | | व्यापारिक संस्था | १,७० | × | १,७० |
| १.१.७.३ | | औद्योगिक संस्था | ८,३५ | × | ८,३५ |
| १.१.७.४ | | सेवामूलक संस्था | ८९ | × | ८९ |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री | | ७५,४१ | × | ७५,४१ |
| १.१.८.१ | | खानी रोयल्टी | ११,०० | × | ११,०० |
| १.१.८.३ | | अन्य रोयल्टी | १९,१२ | × | १९,१२ |
| १.१.८.४ | | अन्य बिक्री | ४५,२९ | × | ४५,२९ |
| १.१.८.० | (क) टकमरी तथा टक्सारको अन्य आय | | २,८४,८८ | × | २,८४,८८ |
| १.१.८.५ | | टकमरी | २,५९,७० | × | २,५९,[illegible] |
| १.१.८.६ | | टक्सारको अन्य आय | २५,१८ | × | २५,१८ |
| १.१.९.० | साँवा र ब्याज | | ६,९७,३० | × | ६,९७,३० |
| १.१.९.१ | | साँवा-कम्पनी र संस्थानहरूबाट | ५,२७,९१ | × | ५,२७,९१ |
| १.१.९.२ | | ब्याज कम्पनी र संस्थानहरूबाट | १,५९,२८ | × | १,५९,२८ |
| १.१.९.३ | | अन्य साँवा र ब्याज | १०,११ | × | १०,११ |
| १.१.९.० | (क) विविध आय | | २,१७,२४ | | २,१७,२४ |
| १.१.९.४ | | विविध आय | २,१७,२४ | | २,१७,२४ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आर्थिक वर्ष २०३६।३७ को यथार्थ र २०३७।३८ को संशोधित अनुमान

(राजस्व)

रू. हजारमा

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | २०३६।३७ को यथार्थ | २०३७।३८ को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | कुल जम्मा | १,८८,००,०० | २,४२,६१,०० |
| १.१.१.० | भन्सार महसूल | | ६०,८०,१३ | ८४,६१,०० |
| १.१.१.१ | | पैठारीबाट | ५०,४७,६१ | ७१,६४,०० |
| १.१.१.२ | | निकासीबाट | ६,२६,३६ | ६,२५,०० |
| १.१.१.३ | | भारतीय अन्तःशुल्क फिर्ता | ३,९५,२५ | ६,५२,०० |
| १.१.१.४ | | भन्सारको अन्य आय | १०,५८ | २०,०० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर | | ६६,७०,११ | ८८,८५,६२ |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | १६,२०,८२ | २२,८४,०० |
| १.१.२.२ | | मद्‌भट्टी ठेक्का रकम | २,३०,९८ | ७६,०० |
| १.१.२.३ | | बिक्री कर | ४०,११,९० | ५७,८६,५० |
| १.१.२.४ | | मनोरञ्जन कर | ९४,८६ | १,१४,१२ |
| १.१.२.६ | | होटेल कर | १,४०,२० | १,७०,०० |
| १.१.२.७ | | हवाई उडान कर | ८६,३२ | १,९५,०० |
| १.१.२.८ | | ठेक्का कर | १,८५,०३ | २,६०,०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | १२,९४,१८ | १७,३३,०० |
| १.१.३.१ | | माल तथा मालपोत कार्यालयबाट उठाइने | ५,६१,७६ | ८,९०,०० |
| १.१.३.२ | | पञ्चायत बिकास तथा जग्गाकर (बक्यौता) | ८२,७९ | ३८,०० |
| १.१.३.३ | | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ६,४९,६३ | ७,७०,०० |
| १.१.३.४ | | स्थानीय बिकास शुल्क | × | ३५,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
306

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | २०३६।३७ को यथार्थ | २०३७।३८ को संशोधित अनुमान |
|---|---|---|---|---|
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | १२,४२,७७ | १४,०२,०० |
| १.१.४.१ | | आयकर-सरकारी क्षेत्र | २,८०,६० | ३,६०,०० |
| १.१.४.२ | | आय कर-अर्ध सरकारी क्षेत्र | ७५,८८ | २०,०० |
| १.१.४.३ | | आय कर-सार्वजनिक क्षेत्र | २१,८० | १५, |
| १.१.४.४ | | आय कर-निजी क्षेत्र | ५,५६,६० | ७,८०,०० |
| १.१.४.५ | | आय कर-पारिश्रमिक | ७६,२६ | ७३,०० |
| १.१.४.६ | | घर बहाल कर | ८,२६ | × |
| १.१.४.७ | | शहरी क्षेत्र घर जग्गा कर | ६५,२६ | ७५,०० |
| १.१.४.८ | | सवारी साधन कर | १६,३२ | १८,०० |
| १.१.४.९ | | कर्जाकर | १,३७,९४ | १,०० |
| १.१.४.९ (क) | | व्याज कर | ८५ | ६०,०० |
| १.१.५.० | बस्तुर, दण्ड जरीवाना र जफत | | २,९६,६५ | ४,६०,१० |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तुर | १७,९४ | २५,०० |
| १.१.५.२ | | एजेन्सी रजिष्ट्रेशन दस्तुर | ९२ | १० |
| १.१.५.३ | | बन्दूक, पिस्तोल, रजिष्ट्रेशन दस्तुर | ४,२९ | ५,०० |
| १.१.५.४ | | सवारी इजाजत दस्तूर | २०,३४ | २८, |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरीवाना तथा जफत | ६०,८१ | ७२,०० |
| १.१.५.६ | | प्रशासनिक दस्तूर, दण्ड जरीवाना तथा जफत | १,९२,६५ | ३,३०,०० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आय | | १४,४९,७६ | १५,८५,७० |
| १.१.६.१ | | पिउने पानी महसूल | ५,६६ | ६,४० |
| १.१.६.२ | | पानीपोत | १३,४० | ६,७० |
| १.१.६.३ | | विद्युत् महसूल | १८,९५ | ७०,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

20C

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | २०३६।३७ को यथार्थ | २०३७।३८ को संशोधित अनुमान |
|---|---|---|---|---|
| १.१.६.४ | | हुलाक सेवा | १,७०,८० | २,१७,६० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | ६५,६६ | ७०,०० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | २९,१५ | ३२,०० |
| १.१.६.७ | | वन क्षेत्रको आय | ८,६५,४४ | ८,२८,०० |
| १.१.६.८ | | यातायात क्षेत्रको आय | १,०६,०८ | २,१०,०० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | १,७१,६२ | १,४५,०० |
| १.१.७.० | लाभांश | | ७,९९,९६ | ८,५१,८३ |
| १.१.७.१ | | वित्तीय संस्था | ७,७२,१२ | ८,४०,०० |
| १.१.७.२ | | व्यापारिक संस्था | १,६० | १,२० |
| १.१.७.३ | | औद्योगिक संस्था | २५,६२ | १०,०० |
| १.१.७.४ | | सेवा मूलक संस्था | ६२ | ६३ |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री | | ७३,४८ | ७४,३४ |
| १.१.८.१ | | खानी रोयल्टी | ११,२२ | ७,३४ |
| १.१.८.२ | | विद्युत् रोयल्टी | २,२६ | १,०० |
| १.१.८.३ | | अन्य रोयल्टी | १५,८० | १६,०० |
| १.१.८.४ | | अन्य बिक्री | ४४,२० | ५०,०० |
| १.१.८.० | (क) टकमरी तथा टकसारको अन्य आय | | २,१३,३८ | २,१०,०० |
| १.१.८.७ | | टकमरी | २,०३,३५ | १,८७,०० |
| १.१.८.८ | | टकसारको अन्य आय | १०,०३ | २३,०० |
| १.१.९.० | साँवा र व्याज | | ४,१९,९६ | ४,०६,६६ |
| १.१.९.१ | | साँवा-कम्पनी र संस्थानहरूबाट | २,७०,९६ | २,२२,४४ |
| १.१.९.२ | | व्याज-कम्पनी र संस्थानहरूबाट | १,३१,६४ | १,७४,५२ |
| १.१.९.३ | | अन्य साँवा र व्याज | १७,३६ | ९,७० |
| १.१.९.० | (क) विविध आय | | २,५९,३२ | १,६०,७५ |
| १.१.९.४ | | बिविध आय | २,५९,३२ | १,६०,७५ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२०९

## व्यय अनुमान
### (साधारण बजेट)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान | शीर्षक | २०३६।३७ को यथार्थ | २०३७।३८ को संक्षिप्त अनुमान | २०३८।३९ को अनुमान |
|---|---|---|---|---|---|
| १ | १–१ | श्री ५ महाराजाधिराज | | | |
| संवैधानिक अङ्ग | | तथा राजपरिवार | ६८,७७ | ६७,४२ | १,२३ |
| | १–२ | राजसभा | ४,५८ | ६,६४ | ८,४६ |
| | १–३ | राष्ट्रिय पञ्चायत | ४५,८६ | ४६,८० | ५२,२० |
| | १–४ | महालेखा परीक्षकको विभाग | २६,११ | ४४,५३ | ४८,१७ |
| | १–५ | सर्वोच्च अदालत | १४,०५ | १५,०० | २५,५२ |
| | १–६ | लोक सेवा आयोग | ३२,२६ | ३५,५० | ४७,२७ |
| | १–७ | निर्वाचन आयोग | ७,९७ | ४,००,६७ | ३,१२,६३ |
| | १–८ | अख्तियार दुरुपयोग | | | |
| | | निवारण आयोग | २,४८ | ७,३६ | ६,२० |
| | – | गाउँफर्क राष्ट्रिय अभियान | २,६३ | ५० | × |
| २ | २–१ | मन्त्रिपरिषद् | २४,८२ | २८,६६ | ३७,६१ |
| साधारण | २–२ | श्री ५ को सरकारको | | | |
| प्रशासन | | सचिवालय | २,३३,६६ | २,६०,४८ | ३,२२,२४ |
| | २–३ | जिल्ला प्रशासन | २,३६,४१ | २,६०,५३ | ३,१८,२७ |
| | २–४ | प्रहरी | ११,१३,६४ | १४,६८,६७ | १६,५४ |
| | २–५ | कारागार | १,३६,१५ | १,४३,२६ | १,८२,२२ |
| | २–६ | विविध | ८२,६६ | ६३,७० | ८४,६८ |
| | २–७ | प्रशासन सुधार | × | १,४० | ४,५० |
| | – | राष्ट्रिय चुनाव आयोग | १,६६,४७ | × | × |
| ३ | ३–१ | मालपोत | १,३०,६६ | १,६६,६१ | २,२२,७० |
| राजस्व | | | | | |
| प्रशासन | ३–२ | भन्सार | ६०,७६ | १,०३,७५ | १,२०,२१ |
| | ३–३ | अन्तःशुल्क | ३८,७६ | ५३,७५ | ६४,६८ |
| | ३–४ | कर | ४२,०२ | ४२,२६ | ५१,०१ |
| | ३–५ | राजस्व न्यायाधिकरण | १,७३ | १,६६ | २,०३ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३६।३७ यथार्थ | २०३७।३८ को संशोधित अनुमान | २०३८।३९ को अनुमान |
|---|---|---|---|---|---|
| ४ | ४–१ | योजना | ७,५४ | ७,६५ | ९,१२ |
| आर्थिक | ४–२ | तथ्याङ्क | ५,४१ | ८,०९ | ७,८४ |
| प्रशासन र | ४–३ | टक्सार | ६६,६३ | ६९,८० | ७३,४९ |
| योजना | ४–४ | महालेखा नियन्त्रक कार्यालय | ४०,७१ | ४३,५२ | ९३,८० |
| | ४–५ | मेट्रिक नापतौल | ११,०३ | १०,७३ | १५,४७ |
| ५ | ५–१ | अदालत | १,५२,४३ | १,८६,२५ | २,५७,३४ |
| न्याय प्रशासन | ५–२ | महान्यायाधिवक्ताको कार्यालय | ५,१७ | ५,८१ | ७,४० |
| | ५–३ | अ. बु.पुनरावेदन अदालत | × | २,१४ | २,३१ |
| ६ | ६–१ | वैदेशिक सेवा | ३,८०,८५ | ४,१५,५१ | ४,३४,२१ |
| वैदेशिक सेवा | ६–२ | विविध | ४७,३५ | ६४,५१ | ७३,३२ |
| ७ | ७–१ | रक्षा | १८,५०,३७ | २१,६३,६२ | २३,७२,९३ |
| रक्षा | ७–२ | विविध | ३,८०,०२ | ४,८२,३८ | ५,०७,२० |
| ८ | ८–१ | शिक्षा | ८,२४,८२ | ९,८९,८६ | १०,८३,०५ |
| सामाजिक | ८–२ | स्वास्थ्य | ५,७६,९६ | ६,६७,२० | ८,२४,१४ |
| सेवाहरू | ८–३ | पिउने पानी | २८,२९ | ३१,४७ | ३८,१७ |
| | ८–४ | पञ्चायत तथा स्थानीय विकास | २,१८,३९ | २,२८,२८ | ३,५०,४२ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | १,९६,६५ | २,१४,३० | २,७८,१४ |
| ९ | ९–१ | कृषि | ७७,०८ | ३४,१५ | ४०,३६ |
| आर्थिक | ९–२ | सिंचाइ | २४,०२ | ३५,८० | ४२,५७ |
| सेवाहरू | ९–३ | भूमिसुधार | १,२०,३९ | १,४२,२८ | १,६८,२६ |
| | ९–४ | नापी | ३९,२८ | ४२,४२ | ५३,९७ |
| | ९–५ | वन | ४२,९३ | ५०,७३ | ६०,९६ |
| | ९–६ | उद्योग तथा खानी | २८,३० | ३०,२४ | ३५,१८ |
| | ९–७ | सञ्चार | ३,२७,६५ | ३,६७,३७ | ४,६२,८५ |
| | ९–८ | यातायात | ३,४१,६६ | ३,७८,४६ | ४,२१,११ |
| | ९–९ | विद्युत् | ३८,८० | ४८,२७ | ५६,४७ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | १६,५८ | २२,३६ | २६,९६ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३६।३७ को यथार्थ | २०३७।३८ को संशोधित अनुमान | २०३८।३९ को अनुमान |
|---|---|---|---|---|---|
| १० ऋण तथा लगानी | १०–१ | ऋण र लगानी | १,१६,८८ | १,११,८१ | १,४३,०० |
| ११ साँवा र व्याज भुक्तानी | ११–१ | साँवा भुक्तानी | ६,४६,३४ | ८,५५,२४ | १०,६१,[illegible] |
| | ११–२ | व्याज भुक्तानी | १२,२१,३६ | १३,२६,७६ | २२,०४,२[illegible] |
| १२ विविध | १२–१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ६६,६६ | ८६,३५ | १,५०,०० |
| | १२–२ | निवृत्तभरण, भत्ता तथा उपदान | १,७६,०३ | २,२३,०० | २,३०,०० |
| | १२–३ | अतिथि सत्कार | १,३६ | ६७ | २,०० |
| | १२–४ | आकस्मिक सहायता, चन्दा र पुरस्कार | ६१ | ६ | १,०० |
| | १२–५ | मुआब्जा | २,८६ | ५,२८ | १०,०० |
| | १२–६ | अन्य | ४,१५,४८ | ४,४८,३८ | ७,०४,६८ |
| | १२–७ | भैपरी आउने | २,४८,४५ | १२,०४,५० | १८,००,०० |
| | | | १,१६,२०,५७ | १,४२,६४,०० | १,७७,६४,७७ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## व्यय अनुमान
## (विकास बजेट)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३६।३७ को यथार्थ | २०३७।३८ को संशोधित अनुमान | २०३८।३९ को अनुमान |
|---|---|---|---|---|---|
| २ | २–७ | प्रशासन सुधार | ५,२० | ७,४४ | ८४,२५ |
| साधारण प्रशासन | | | | | |
| ४ | ४–१ | योजना | ९५,९० | ८२,५५ | १,३२,३५ |
| आर्थिक प्रशासन | | | | | |
| र योजना | ४–२ | तथ्याङ्क | ४७,५७ | १,७६,७२ | १,६३,७८ |
| ८ | ८–१ | शिक्षा | २४,८०,९८ | २८,६१,१५ | ४४,९२,९२ |
| सामाजिक | ८–२ | स्वास्थ्य | ७,२२,०१ | ११,६६,८४ | २०,२५,११ |
| सेवाहरू | ८–३ | पिउने पानी | ५,८५,२६ | ७,७६,२६ | १८,१०,७७ |
| | ८–४ | पञ्चायत तथा स्थानीय विकास | ३,९१,२६ | ११,१८,६८ | ४४,८७,८३ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | २,६४,११ | ३,७८,६४ | ११,४२,६७ |
| ९ | ९–१ | कृषि | १५,३३,५६ | २२,७६,५२ | ७३,१०,३२ |
| आर्थिक | ९–२ | सिंचाइ | २३,२७,१४ | ३३,६५,२५ | ४७,६६,०७ |
| सेवाहरू | ९–३ | भूमिसुधार | १,१२,६२ | १,४०,५८ | २,३६,७५ |
| | ९–४ | नापी | २,५६,९६ | २,६१,४३ | ३,८६,६९ |
| | ९–५ | वन | ९,४२,३३ | ११,२९,५६ | १७,९६,१९ |
| | ९–६ | उद्योग तथा खानी | ११,३१,८७ | १०,५९,९९ | ६१,०२,७४ |
| | ९–७ | सञ्चार | २,५५,८५ | २,७८,१४ | ७,९५,५७ |
| | | (क) हुलाक | (३१,६०) | (३२,२९) | (५२, ३०) |
| | | (ख) दूर सञ्चार | (२,२४,२५) | (२,४५,८५) | (७,४३,२७) |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३६।३७ को यथार्थ | २०३७।३८ को संशोधित अनुमान | २०३८।३९ को अनुमान |
|---|---|---|---|---|---|
| | ९–८ | यातायात | ६४,८३,०७ | ५८,०१,७६ | ९२,०४,१९ |
| | | (क) सडकहरू | (४३,०६,३९) | (४५,६८,३८) | (६१,०३,३६) |
| | | (ख) पुलहरू | (२,९२,४१) | (५,६१,६३) | (७,५५,००) |
| | | (ग) हवाई | (१८,८४,२७) | (६,७१,७५) | (२३,४५,८३) |
| | ९–९ | विद्युत | ४९,४२,९० | ६०,५२,०१ | ७३,०४[illegible] |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | १,४५,५२ | १,८४,०० | ५,९५,०९ |
| १२ | १२–६ | अन्य | १,३५,९८ | २,६०,०० | ३,००,०० |
| विविध | १२–७ | भैपरि आउने | २,२६,०५ | २,२२,०० | २,००,०० |
| | | | २,३०,८६,१४ | २,७५,९९,५२ | ५,३३,३७,३७ |

आज्ञाले–

जितेन्द्रलाल मास्के

श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग,

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

394